
सरकारले निर्वाचनको वातावरण बनाउनुपर्छः नेता डा कोइराला | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९०१०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २७ • अंक १४४ • २०८२ साल आश्विन ३१ गते शुक्रबार (17 October, Friday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-


# सीएम सोनलको पद बहालीमा जसपा उत्साही

## लोसपामा असन्तुष्टि, जनमत र एसबाट बिना विभागीय मन्त्री

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री (सीएम)जितेन्द्र सोनलले विहीवार सपथग्रहण गरेसँगै पदबहाली गरेका छन् ।

सोनलले २ जना मन्त्री पनि बहाल गरेका छन् ।जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादव र नेकपा एसका सभासद कनिष पटेलले सपथ लिएका छन् ।उनीहरुको विभाग नतोकिएकोले मुख्यमन्त्री कार्यालयमा नै बसेका छन् ।



मुख्यमन्त्रीमा सोनल नियुक्त भएदेखि जसपाका सभासद र नेताहरु निकै उत्साहित देखिएका छन् ।यद्यपि लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का केही सभासद र नेताहरु असन्तुष्ट देखिएका छन् ।असन्तुष्टहरु मुख्यमन्त्रीको दाबी पेस, नियुक्त र सपथग्रहणमा समेत देखिएनन् ।

जसपा नेपाल र लोसपामा रहेका पूर्व नेपाल सदभावना पार्टीका सभासद र नेताहरुले सरकार गठनमा खेलेको भूमिकाको परिणाम पक्षमा आएदेखि नै खुसी भएका छन् ।

जनता समाजवादी पार्टी( जसपा)नेपाल, माओवादी केन्द्र र लोसपाले मन्त्रीको टुंगो लगाउन सकेको छैन् ।

जसपा नेपालले भौतिक पूर्वाधार, खानेपानी, उर्जा तथा सिंचाई, स्वास्थ्य र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री चाहेको छ।

जनमतले अर्थ, खानेपानी, उर्जा तथा सिंचाई समेत ४ वटा मन्त्रालयमा दाबी गरेको छ ।दलका नेता यादव बिना विभागीय मन्त्री बनेपनि अन्य मन्त्रीहरुको टुंगो लागेको छैन् ।जनमतमा मन्त्री नहुनेहरुले जनस्वराज पार्टी रोज्ने जोखिमको कारण अन्य सभासदहरुलाई मन्त्रीको आश्वासन दिएको छ।

माओवादीमा मन्त्री छान्न पनि सकस छ ।माओवादीले २ वटा मन्त्रालयमा दाबी गरेको छ ।तर मन्त्रालयको टुंगो लाग्न बाँकी छ ।लोसपा र नेकपा एसको भागमा १-१ मन्त्रालय परेको छ ।

मधेश प्रदेश कृषि प्रधान र शिक्षामा अत्यन्त पिछडिएको भए पनि भूमि व्यवस्था, कृषि तथा सहकारी र शिक्षा तथा संस्कृति मन्त्रालयका लागि दलहरुले चासो नै देखाएको छैन् ।साना दलहरुको भागमा त्यस्ता मन्त्रालयहरु पर्ने छ ।

मुख्यमन्त्री सोनलले सरकार गठन गर्न ५७ जना सभासदको हस्ताक्षर पेस गरेका छन् ।त्यसमा जसपा नेपालका १९, जनमतका १३, माओवादीका ९, लोसपाका ८ , नेसपाका ७ र नागरिक उन्मुक्ति पार्टी( नाउपा)का १ जना छन् ।

जनमत पार्टी विभाजित भएर जनस्वराज पार्टी दर्ता भएपछि जनमतबाट निवर्तमान मुख्यमन्त्री सतीश कुमार सिंह र त्रिभुवन साहले जनस्वराज पार्टीमा सनाखत गरिसकेका छन् ।जसपाका १ जना सभासद सरोज सिंह(कुशवाहा)माथि विशेष अदालतमा विहीवार मुद्दा दर्ता भएकोले उनी निलम्बन भएका छन् ।

मुख्यमन्त्रीको पक्षमा ५४ जना सभासद कायम रहेका छन् ।मधेश प्रदेशमा सरकार गठनका लागि न्यूनतम ५४ जना सभासद चाहिन्छ ।

विपक्षीहरु सशक्त र सक्रिय रहेकाले मुख्यमन्त्रीले विश्वासको मत लिँदा अत्यन्त सचेत रहनुपर्ने देखिन्छ ।१ जना मात्र अनुपस्थित भए बहुमत नपुग्न सक्छ ।

मधेश प्रदेशमा जसपा नेपालले पहिलो पूरा र दोस्रो कार्यकालको डेढ वर्ष सरकार चलाएको छ ।जनमतले १६ महिना सरकार चलाउँदा पार्टी नै बिभाजन भएको छ ।लोसपाको कार्यकाल प्रारम्भ भएको छ ।संघीय संसदमा ठूला दल रहेका नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी , नेकपा एस लगायतका दलहरुले मधेश प्रदेशमा हालसम्म सरकारको नेतृत्व गर्न पाएको छैन् ।

कांग्रेस संसदीय दलका नेता कृष्ण प्रसाद यादव मुख्यमन्त्रीको दौडमा निश्चित रहे पनि अन्तिम समयमा जनमत पार्टीले खेमा परिवर्तन गरेपछि कांग्रेस, एमाले

मधेश प्रदेशमा सोनल चौथों मुख्यमन्त्री हुन् ।जसपा नेपालका लालबाबु राउतले पहिलो पूर्ण काल चलाएका थिए ।दोस्रो कार्यकालको ३ वर्षमा तेस्रो मुख्यमन्त्री सोनल बनेका छन् ।

मधेश आन्दोलनबाट खारिएका सोनल पहिलो कार्यकालमा तीन वर्ष भौतिक पूर्वाधार विकास मन्त्री रहेका थिए । लोसपामा दलको नेता समेत हुन नदिएको सोनल मुख्यमन्त्री नै बनेका छन् ।पार्टीमा सोनलका बिरोधीहरु निकै बलियो रहेपनि अध्यक्ष महन्थ ठाकुर पक्षमा रहेकाले क्षति हुने सम्भावना छैन् ।पार्टीका वरिष्ठ नेता शरतसिंह भण्डारी निकटका जयनुल राइन अब मन्त्री बन्ने बलियो सम्भावना रहेको छ ।उनी दलका नेता पनि हुन् ।







# अर्थमन्त्री खनाल र एसियाली विकास बैंकका अध्यक्षबीच भेट



वाशिङ्टन डिसी । विश्व बैंकको वार्षिक बैठकमा भाग लिन अमेरिकामा रहनुभएका अर्थमन्त्री रामेश्वरप्रसाद खनालले बुधबार एसियाली विकास बैंकका अध्यक्ष मासातो कान्डासँग भेटवार्ता गर्नुभएको छ ।

उक्त भेटका अवसरमा अर्थमन्त्री खनालले एसियाली विकास बैंकले खासगरी पूर्वाधार विकासका क्षेत्रमा नेपाललाई लामो समयदेखि गर्दै आएको योगदानको चर्चा गर्नुभयो । त्यस्तै उहाँले वर्तमान सरकार निजी क्षेत्रको विकासका लागि लगानीयोग्य वातावरण बनाउन दृढ रहेको बताउनुभएको यहाँस्थित राजदूतावासले जनाएको छ ।

साथै एसियाली विकास बैंकको लगानीमा हाल निर्माण भएका ठूला पूर्वाधार आयोजना बारे बताउँदै अध्यक्ष कान्डालाई नेपाल भ्रमणका लागि निमन्त्रणा गर्नुभयो ।

अध्यक्ष कान्डाले नेपालमा भएको राजनीतिक परिवर्तन र सुशासन कायम गर्ने विषयमा जिज्ञासा राख्नुभएको थियो । साथै उहाँले नेपाल भ्रमणको निमन्त्रणा दिनुभएकामा धन्यवाद दिँदै उपयुक्त समयमा नेपाल भ्रमण गर्न आफू इच्छुक भएको बताउनुभयो ।

अर्थमन्त्री खनालले विहीबारै विश्व बैंक र अन्तरराष्ट्रिय मुद्रा कोषको दक्षिण पूर्वी एसियाली समूहको गभर्नरहरुको बैठकमा बोल्नुहुँदै नेपालमा जलविद्युत् उत्पादन र सूचना प्रविधि पूर्वाधार विकासमा लगानी गर्न आग्रह गर्नुभयो । विकास आयोजनाको कार्यान्वयनमा ढिलाइ भएको चर्चा गर्दै मन्त्री खनालले विश्व बैंकलाई आयोजना कार्यान्वयनका मापदण्ड र निर्देशिकालाई थप सरल बनाउन सुझाव दिनुभयो ।

अर्थमन्त्री खनालले वित्तीय क्षेत्रको स्थायित्वका लागि तयार गरिने विश्वव्यापी मापदण्ड बनाउन आवश्यक भए पनि कार्यान्वयनका क्रममा कुनै देश विशेषको स्थानीय आवश्यकता र परिवेशलाई पनि उत्तिकै ध्यान दिन अन्तरराष्ट्रिय मुद्रा कोषलाई आग्रह गर्नुभयो ।

सो अवसरमा नेपाल राष्ट्र बैंकका गभर्नर विश्वनाथ पौडेल, अमेरिकाका लागि नेपालका राजदूत लोकदर्शन रेग्मी, दूतावासका आर्थिक कन्सुलर युगराज पाण्डे, भ्रमण दलका सदस्य तथा विकास बैंकका उच्च कर्मचारीको सहभागिता रहेको थियो ।रासस

# मलेसियाविरुद्धको हार उल्ट्याउन फिफासमक्ष नेपालको निवेदन

काठमाण्डु । एसियन कप छनोटका क्रममा मलेसियासँग हार व्यहोरेको नेपालले सो नतिजा उल्ट्याउन औपचारिक निवेदन दिएको छ । साउदी अरेबियामा सन् २०२७ मा हुने एसिएन कप छनोट प्रक्रियाअन्तर्गत '२-०'ले नेपाल पराजित भएको थियो ।

सो छनोट प्रतियोगितमा भाग लिने मलेसियन खेलाडी प्रतिबन्धित भएसँगै विश्व फुटवल नियामक संस्था 'फिफा'समक्ष नेपालले निवेदन दिएको अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का प्रमुख कार्यकारी अधिकृत इन्द्रमान तुलाधरले राससलाई जानकारी दिनुभयो ।

गत महिना 'फिफा'ले मलेसियाको राष्ट्रिय फुटवल टोलीमा सङ्लग्न सात जना विदेशी हो, सोहीबमोजिम निवदेन दिएका हौं ।" एन्फाका प्रमुख कार्यकारी अधिकृत इन्द्रमान तुलाधरले भन्नुभयो ।

मलेसियाका तर्फबाट खेलेका ती सात खेलाडीले आफ्ना मलेसियाली पुर्खाको दाबी गर्न नक्कली कागजात प्रयोग गरेको फिफाको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ । फिफाका अनुसार तिनीहरूमध्ये कसैको पनि आमाबाबु वा हजुरबुबा मलेसियामा नजन्मेको 'एएफपी'ले जनाएको छ ।यसैबीच मलेसियाको फुटवल सङ्घले सो सम्बन्धमा जानाजानी कुनै पनि गलत काम नगरेको स्पष्ट गर्दै खेलाडीहरूको योग्यतासम्बन्धी निर्णय 'कानुनी प्रक्रियाअनुसार' नै भएको भन्ने दावी गरेको छ ।




खेलाडीलाई एक वर्षका लागि प्रतिबन्ध लगाउँदै फुटबल सङ्घ (एफएएम)लाई चार लाख ४० हजार अमेरिकी डलर जरिवाना गरेको अन्तरराष्ट्रिय समाचार एजेन्सी 'एएफपी'ले जनाएको छ ।

यसरी प्रतिबन्धित खेलाडीमध्येका एक 'हेक्टर हेभल'ले मलेसियाको 'जोहोर'मा सम्पन्न छनोट खेलमा नेपालका विरुद्ध पहिलो गोल गरेका थिए ।"हामीले उक्त खेलमा अयोग्य खेलाडी खेलेको विषयमा 'फिफा'सँग सम्पर्क गरिसकेका छौं । त्यसैले नतिजा उल्ट्याउनुपर्छ भन्ने हाम्रो माग

प्रतिबन्धित ती सात खेलाडी गत जुनमा भियतनामविरुद्ध भएको खेलमा पनि सहभागी भएको र उक्त एसिएन कप छनोट खेलमा मलेसियाले ४-० को विजय हासिलसमेत गरेको एएफपीले जनाएको छ ।हालसम्म चार खेल खेलिसकेको नेपाल कुनै पनि अङ्क प्राप्त गर्न नसकेर समूह 'एफ'को अन्तिम स्थानमा रहेको छ । मलेसिया १२ अङ्कका साथ शीर्ष स्थानमा छ भने भियतनाम नौ अङ्कसहित दोस्रो र लाओस तीन अङ्क प्राप्त गरी तेस्रो स्थानमा रहन सफल भएको छ ।रासस

# बाँसका भाँडाकुँडा बनाउने डोमजातिलाई भ्याइनभ्याई



जलेश्वर । तराई-मधेसका मिथिलाञ्चल क्षेत्रसहित महोत्तरीमा छठपर्वका लागि बाँसका भाँडा बनाउने डोम समुदायको अहिले व्यस्तता बढेको छ ।वर्षैभरि सुँगुर पालन गरी जीविकोपार्जन गर्ने डोम जातिलाई अहिले तराईवासीको महान् पर्व छठ नजिकिँदै जाँदा बाँसका भाँडाकुँडा बनाउनभ्याइनभ्याई भएको जलेश्वर नगरपालिका-२ का रामजी डोमले बताउनुभयो ।

गाँस, बास र कपासको जोहो गर्न समस्या पर्ने यो समुदायलाई छठपर्वको तयारी सुरु हुनासाथ असोज र कात्तिकभरि बाँसका भाँडा बनाएर बिक्री गर्न भ्याइनभ्याई हुने एकडारा गाउँपालिका-२ का तेतर डोमले बताउनुभयो ।

छठपर्वका लागि बाँस र बेतबाट छिटी, डालो, नाङ्लो, सुपली र टालु टपरी बनाउन यहाँका डोम समुदाय जुटेका उहाँको भनाइ छ ।

दैनिक हातमुख जोड्न समस्या हुने यहाँका डोम समुदायले असोज र कात्तिकमा विभिन्न परिकार पकाएर खाने गरेको मनरासिस्वा नगरपालिकाकी ६० वर्षीया दुखनी डोमिनले बताउनुभयो ।

बाँसको चोया र कप्टेरोबाट छिटी, डालो, नाङ्लो बुन्दै गरेकी पिपरा गाउँपालिका-४ की ५० वर्षीया निरसी डोमिनले भन्नुभयो, "छठपर्वको आगमनसँगै घरका बच्चादेखि बूढासम्मले काम पाएर बिहानदेखि बेलुकासम्म छिटी, डालो, नाङ्लो, सुपली र टालु टपरी बनाउनमा व्यस्त हुन्छौं भने बजारमा बेच्दा मनग्य आम्दानी हुने भएकाले खुसी छौं ।" यही आम्दानीबाट असोज, कात्तिक र आगामी केही दिनसम्म खुसीका साथ जीवन काट्न सकिने उहाँको भनाइ छ ।

मिथिलामा छठपर्व मनाउने प्रत्येक तराईवासीले छठमाता तथा सूर्यदेवलाई बाँस र बेतबाट बनाइएका छिटी, डालो, नाङ्लो, सुपली र टालु टपरीमा अर्घ दिनुपर्ने प्रचलन भएकाले प्रत्येक परिवारमा पाँच-सातवटा बाँसका भाँडा आवश्यक पर्दछ । सोही कारणले डोमको व्यवसायले गति पाउनुका साथै आम्दानीमा बढोत्तरी हुने गरेको गौशाला नगरपालिकाकी सुनिता डोमिनले बताउनुभयो ।

छठपर्वको आगमनसँगै डोमका घरआँगनमा पनि छठमाता र सूर्यदेवको प्रत्यक्ष उपस्थिति रहने गरेको जनविश्वास रहेको बताउँदै महोत्तरी गाउँपालिकाका ७० वर्षीय रामबाबु डोमले आफूहरू सोही कारण दिनरात बर्तालुहरूका निम्ति बाँसका भाँडा बनाउने गरेको सुनाउनुभयो ।

महोत्तरीको जिल्ला सदरमुकाम जलेश्वरका प्रदीप डोमले छिटी, डालो, नाङ्लो, सुपली र टालु टपरी बेचेर असोज तथा कात्तिकभरिमा वर्षभरिकै सबै कर्जाहरू चुक्ता गरेर आउने पाँच-छ महिनाको खर्चपर्चको जोहो गर्न कमाइ हुने गरेको बताउनुभयो । औरही नगरपालिकाका बेचन डोमले घरका बालकदेखि वृद्धासम्मले यो समयमा छिटी, डालो नाङ्लो, सुपली र बाँसका अन्य भाँडाकुँडा बेचेर प्रतिपरिवारले रु एक लाखदेखि रु एक लाख ५० हजारसम्म आम्दानी गर्ने जानकारी दिनुभयो ।

अहिले जिल्लाका गाउँगाउँमा डोम जातिका प्रत्येक घरमा बाँस र बेतको थुप्रो राखिएका छन् भने मिथिलाको अन्य जिल्लाका डोम समुदाय पनि बाँस र बेतका भाँडाकुँडा बनाउन व्यस्त रहेका डोमअगुवा बिरजु डोमले बताउनुभयो ।दिनदिनै छठपर्व मनाउने व्यक्तिको सङ्ख्यामा वृद्धि हुँदै जाँदा प्रत्येक व्यक्तिलाई बाँसको भाँडाकुँडा पुऱ्याउन सास्ती हुने गरेको भन्दै ती सामग्री बनाउन र मागअनुसार उपलब्ध गराउन भ्याइनभ्याई भएको उहाँको भनाइ छ ।रासस

## आयुसिएनको क्षेत्रीय परिषद् सदस्यमा अधिकारी निर्वाचित



काठमाण्डु । नेपाल वातावरण पत्रकार समूह (नेफेज) का पूर्वअध्यक्ष रोशनी अधिकारी पाठक अन्तराष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आइयुसिएन) को क्षेत्रीय परिषद् सदस्यमा निर्वाचित हुनुभएको छ ।

अधिकारी सन् २०२६-२०२९ का लागि आयुसिएनको पूर्व र दक्षिण एसिया क्षेत्रीय परिषद् सदस्यका रूपमा निर्वाचित हुनुभएको संयुक्त अरब इमिरेट्सको अबुधाबीस्थित नेपाली दूतावासले जनाएको छ । यही अक्टोबर ९ देखि १५ तारिखसम्म अबुधाबीमा सम्पन्न आयुसिएन विश्व संरक्षण महासभाका क्रममा भारत, चीन, पाकिस्तान, मलेसिया, जापान र नेपालका सात उम्मेदवारबीच पाँच क्षेत्रीय परिषद् सङ्ख्याका लागि प्रतिस्पर्धा भएको थियो ।

उक्त महासभाले सन् २०२६-२०२९ अवधिका लागि नयाँ नेतृत्व र देशीय प्रतिनिधिको निर्वाचन सम्पन्न गरेको छ । संयुक्त अरब इमिरेट्सका रजान खलिफा अल मुबारक पुनः दोस्रो कार्यकालका लागि आयुसिएनको अध्यक्ष पदमा सन् २०२६-२०२९ अवधिका लागि निर्वाचित हुनुभएको छ ।रासस

# सिँचाइका रुग्ण ठेक्का तोडिँदै

काठमाण्डु । ठेक्का सम्झौता गर्ने तर काम नगरेर वर्षौंदेखि अलपत्र पारी रुग्ण बनाइएका सिँचाइतर्फका ठेक्का तोड्न थालिएको छ ।

बबई सिँचाइ आयोजनाले करिब ६ वर्षअघि अमन कन्स्ट्रक्सन कम्पनी गुलरिया-५ सँग गरिएको ठेक्का सम्झौता तोड्ने विहीबार सार्वजनिक सूचना जारी गरेको छ । आयोजनाले कम्पनीसँग नहर मर्मत, कमाण्ड क्षेत्र संरक्षण, भवन मर्मतलगायतका काम गर्न आर्थिक वर्ष २०७७/७८ मा ठेक्का सम्झौता गरेको थियो । छ वटा ठेक्कामध्ये चारको निर्माण प्रगति



शून्य छ । एउटाको ३० र अर्कोको ५५ प्रतिशत प्रगति रहेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले ठेक्का लिने तर काम नगर्ने तथा आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिनुभएको थियो । आयोजनाले पटकपटक सूचना प्रकाशन गर्दासमेत सम्झौताबमोजिम काम सुरु नगरी बीचैमा छोडी ठेक्काको म्याद समाप्त हुँदासम्म पनि काम सम्पन्न गर्नेतर्फ कुनै चासो नदिएको जनाएको छ ।

ठेक्का सम्झौता अन्त्य गरी कारबाहीको प्रक्रिया अगाडि बढाउनुनपर्ने कुनै ठोस कारण भएमा १५ दिनभित्र प्रमाणसहित सम्बन्धित आधिकारिक व्यक्ति आयोजना कार्यालयमा उपस्थित हुन सूचना जारी गरिएको छ । पेस गरिएका प्रमाण नियमसङ्गत भरपर्दो वा चित्त बुझ्दो नभएमा सम्झौता र सार्वजनिक खरिद कानूनमा भएको व्यवस्थाबमोजिम कार्यसम्पादन जमानत तथा धरौटी बापत राखिएको रकम जफत तथा कालोसूचीमा राख्ने प्रक्रिया अगाडि बढ्नेछ ।

सिँचाइ विभागअन्तर्गत राष्ट्रिय गौरबका भेरी बबई तथा सुनकोशी मरिण बहुउद्देश्यीयसहित २५ आयोजनाका ठेक्का रुग्ण छन् । त्यसमध्ये छ वटाको ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाइएको हो ।रासस

## अत्यधिक अपेक्षासहित सुपरस्टारको नयाँ अवतारः

# टेक्नो स्पार्क गो २ नेपालमा भित्रियो

**टुडे समाचारदाता**

काठमाण्डु । जब सपना ठूला हुन्छन् तर पकेट हलुका, त्यही बेला उदाउँछ नयाँ सुपरस्टार । यही सोचका साथ टेक्नोले नेपाली बजारमा नयाँ स्मार्टफोन टेक्नो स्पार्क गो २ सार्वजनिक गरेको छ ।

लन्च कार्यक्रममा टेक्नो मोबाइलका सिइओ अरिजित तलापात्राले भने, "राम्रो प्रविधि सबैको पहुँचमा हुनुपर्छ। टेक्नो स्पार्क गो २ मार्फत हामीले उच्चस्तरीय फोनका जस्तै सुविधा अब मात्र रु ११,४९९ मा उपलब्ध गराएका छौं।"

गुणस्तरसँग सम्झौता नगरी तयार गरिएको यो मोडेल बलियो,




स्मार्ट र सबैका लागि उपयोगी भएको कम्पनीको दाबी छ।

स्पार्क गो २ को डिजाइन उच्च श्रेणीका फोनहरूबाट प्रेरित ट्रेन्डी र आइकनिक छ । विभिन्न रंगमा उपलब्ध यस फोनले प्रिमियम अनुभव प्रदान गर्छ।

६.६७ इन्चको ठूलो एचडी + स्क्रिन र १२०ज्श रिफ्रेस रेटसहित यो फोनमा हरेक स्वाइप सिनेमा हेरेजस्तो स्मूथ अनुभव दिन्छ। आइपी ६४ रेटिङ भएको कारणले धुलो र पानीको छिटाबाट सुरक्षित रहन्छ।

५००० एमएच ब्याट्रीले लामो समयसम्म निरन्तर प्रयोग सुनिश्चित गर्छ। यसमा रहेको विशेष नेटवर्क-फ्री कम्युनिकेसन फीचर मार्फत ४०० मिटर टाढासम्म पनि कल गर्न सकिन्छ।

फोनमा "एला एआइ" नामक स्मार्ट सहायक उपलब्ध छ, जसले प्रयोगकर्ताको हरेक कामलाई सहज बनाउँछ।

# कानूनले वर्जित गरेको सामग्री प्रयोग नगर्न प्रहरीको आग्रह



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले कानूनले वर्जित गरेको सम्पूर्ण किसिमका आतिशवाजी प्रयोग नगर्न आग्रह गरेको छ । दिपावली र छठ पर्वमा यस्ता आतिशवाजी प्रयोग गर्ने हुनाले यस्ता प्रयोग नगर्न सर्वसाधारणमा अपिल गरिएको छ । कार्यालयले विहीबार विज्ञप्ति जारी गर्दै मेलामा जाँदा आफनो गरगहनाहरुको विशेष खयाल गर्न आग्रह गर्दै जुवाताश जस्तो गैरकानुनी खेलहरु नखेलाउन एवम खेलभइरहेको गतिविधि भएमा नजिकको प्रहरी चौकीमा खवर गर्न आग्रह गरेको छ । मापसे,डिजे ध्वनिको प्रयोग नगर्न आग्रह गर्दै आफनो घर,पसल आदि छाडेर जानु परे छिमेकी वा आफन्तलाई खवर गरी जान मधेश प्रहरी कार्यालयले आग्रह गरेको छ ।

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८२/०५/०६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : घनश्याम यादव**
**सिम्बोल नं.: ३१७००४४४**
**रजिष्ट्रेशन नं.: ६८१७१०९०६८**
**ठेगाना:जि.ध. औरही गा.पा.-२**
**मो.नं. ९८०८०४२८४८**

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | अरुको पछि लाग्नु भन्दा पनि आफ्नै सुझबुझ र परिश्रमको भर पर्नु राम्रो हुन्छ । |
| वृष : | व्यापारमा प्रशस्त फाइदा हुने योग छ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । |
| मिथुन : | कीर्तिमानी काम गर्ने समय छ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ। |
| कर्कट : | घरायसी सुखको अनुभूति हुनेछ । रोकिएका काम सम्पादन हुनेछन् । |
| सिंह : | काममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| कन्या : | व्यवसायको सिलसिलामा रमाइलो यात्रा हुन सक्छ । |
| तुला : | तर्क र बहसमा पकड भएको राम्रो दिन छ। |
| वृश्चिक : | बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। |
| धनु : | पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ । |
| मकर : | काममा सहयोग लिन दिन सकिने दिन छ। |
| कुम्भ: | आर्थिक क्रियाकलापले दूरगामी फाइदा हुनेछ । |
| मीन : | पारिवारिक भेटघाटको समय छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



हटियामा बिक्रीका लागि राखिएको घुँगी । पौष्टिक तत्वले भरिपूर्ण घुँगी स्थानीय बजारमा प्रतिकिलो सय रुपैयाँमा बिक्री हुने व्यापारी बताउँछन् । *तस्विर : रासस*

# समाजवादी मोर्चाबीचको एकता यथाशीघ्र हुन्छः संयोजक दाहाल

चितवन । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले समाजवादी मोर्चाको बीचमा यथाशीघ्र एकता हुने बताउनुभएको छ । विहीबार आयोजित कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले समाजवादी मोर्चामा रहेका दलहरूका बीचमा एकताको प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो ।



संयोजक दाहालले भन्नुभयो, "यस पटक धेरै वामपन्थी पार्टीहरूका बीचमा एकता समाजवादी मोर्चाबाट सुरु गर्छौं", सबै वामपन्थी दललाई एक ठाउँमा ल्याएर अघि बढ्ने योजनाका साथ आफूहरू अघि बढेका छौं ।" सामाजवादी मोर्चामा रहेका दलहरूबीच एकता केही दिनमा हुने भन्दै उहाँले यो एकताले राजनीतिक दलहरूको ध्रुवीकरणको सुरुआत गर्दै राजनीतिक शक्ति सञ्चय गरी समाजवादी क्रान्तिको सुरुआत गर्ने विश्वास व्यक्त गर्नुभयो । पार्टी एकता एमालेसम्म पुगेर रोकिने उहाँको भनाइ छ ।

संयोजक दाहालले पछिल्लो समय सामाजिक सञ्जालमार्फत सङ्गठित भएको युवाको आन्दोलनलाई 'नयाँ राजनीतिक चेतना'को सङ्केतका रूपमा लिँदै यसले विगतदेखि उठाउँदै आएका माओवादीका मागहरूसँग मेल खाने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "युवाहरूले भ्रष्टाचार विरोधी माग उठाएका छन् । अहिलेको पुस्ताले भ्रष्टाचार अन्त्य र सुशासनको मार्ग खोज्नु गौरवको विषय हो ।"रासस

# बजारलाई थप व्यवस्थित बनाउन अनुगमनलाई तीव्रता दिँदै कामपा

काठमाण्डु।चाडपर्वनजिकएसँगै काठमाडौं महानगरपालिकाले बजार अनुगमनलाई तीव्र बनाएको छ। कामपा र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले बजार अनुगमन थालेको हो । नयाँबानेश्वर क्षेत्रमा रहेका साना होटल तथा रेष्टुराँ व्यवसायमा अनुगमन गर्दा अधिकांश व्यवसाय मापदण्डविपरीत सञ्चालनमा रहेका पाइएको कामपाले जनाएको छ ।

काठमाडौं महानगरपालिका कृषि तथा पशुपन्छी विभागका विभागीय प्रमुख नुरनिधि न्यौपानेका अनुसार कानुनविपरीत सञ्चालन गरिएको व्यवसायलाई नियमानुसार आउन निर्देशन दिइएको जनाउँदै अटेर गरेमा कानुनबमोजिम कारबाही गरिने बताउनुभयो । उहाँका अनुसार सानो लापरवाहीबाट विभिन्न रोगको सङ्क्रमण फैलिन सक्ने भएकाले सरसफाइमा ध्यान दिनु व्यवसायीको कर्तव्य हो ।

प्रमुख न्यौपानेले भन्नुभयो, "महानगर अनुगमन गरेर व्यवसायीलाई तर्साउन चाहँदैन, सबैले आफ्नो कर्तव्य र जिम्मेवारी नबिर्सौं, सरसफाइमा ध्यान दिनु उपभोक्ता र व्यवसायी दुवैका लागि फाइदा हुन्छ ।"

कामपा खाद्य स्वच्छता तथा गुणस्तर कार्यक्रमका सल्लाहकार सन्तोष गिरीका अनुसार महानगरले सशक्तीकरण, अनुगमन र नियमनलाई अहिले प्राथमिकता दिएको छ। उहाँले भन्नुभयो, "हामी बजार कस्तो र कुन अवस्था छ भनेर बुझ्दैछौं। व्यवसायीहरू खाद्य स्वच्छता र गुणस्तरीयतामा कत्तिको सचेत हुनुहुन्छ भनेर मूल्याङ्कन गर्दैछौं। राम्रो गर्नेलाई हौसला दिन्छौं, कमजोरी देखिए सम्झाउँछौं, सचेत गराउँछौं; त्यति गर्दा पनि अटेर गर्नेलाई कानुनबमोजिम कारबाही हुन्छ ।"




महानगरले मापदण्डविपरीत सञ्चालन भएका व्यवसायलाई खाद्य अनुज्ञापत्रमा तोकिएका वस्तु मात्र प्रयोग गर्न, सरसफाइमा विशेष ध्यान दिन, मास्क-एप्रोन-पञ्जाजस्ता खाद्य स्वच्छता मानक पालना गर्न पर्छ । रासस

# इतिहासको पानामा नाम लेखिने गरी काम गरौँ : जेनजी अगुवा

काठमाण्डु । जेनजी आन्दोलनका अगुवाहरुले वर्तमान सरकारप्रति विश्वास र भरोसा रहेकाले मुलुकलाई सही मार्गमा डोहोर्याएर लैजानेमा आशावादी रहेको प्रतिक्रिया दिएका छन् । भ्रष्टाचारविरुद्ध र सुशासनको पक्षमा भएको आन्दोलनको जगमा बनेको सरकार भएकाले ती मुद्दामा जनतालाई आशा जगाउनेगरी काम गर्न उनीहरुको सुझाव छ ।

उनीहरुको भनाइ छ, "आन्दोलनको मर्मअनुरुप सरकारले काम गरिरहेको हाम्रो विश्वास छ। गरिएका काम प्रणालीगत र पारदर्शिता हुनुपर्छ । जसबाट सरकारको जवाफदेहिता बढ्छ । आन्दोलनलाई संस्थागत गर्दै इतिहास लेखाउने गरी सरकारले काम गर्नुपर्छ ।"सरकार गठन भएको एक महिना पुगेको सन्दर्भमा आन्दोलनका केही अगुवाहरुले राससलाई दिएको प्रतिक्रियाको सम्पादित अंशः

**सरकारले लय समातेको छ : ओजस्वी भट्टराई**

देशमा भ्रष्टाचारविरुद्ध र सुशासनको पक्षमा उभिएका हामी जेनजी आन्दोलनसँग एकाकार छौं । हामीले उठाएका मागलाई कसरी सम्बोधन गर्ने भनी २९ बुँदे मार्ग निर्देशनसहित अवधारणा बनाइएको थियो । त्यही मापदण्ड र निर्देशिकाभित्र रहेर समीक्षा गरिनुपर्छ। राज्यका तर्फबाट भदौ २३ गते मानवअधिकार उल्लङ्घन र २४ गते सङ्गठित अपराधका घटना भए । त्यसको निष्पक्ष छानबिन हुनुपर्छ। छानबिन समितिले अध्ययन र अनुगमन गरी न्यायका लागि सिफारिस, पीडितको परिपूरण र दीर्घकालीन सुधारको काम गर्नुपर्छ । आयोगमा जेनजी वा युवापुस्ताको प्रतिनिधित्वसहित समानुपातिक र लैङ्गिक समावेशी हुनुपर्छ भनिएको थियो। तर प्रतिनिधित्वको स्वरुप समावेशी हुनसकेन । अर्कातर्फ गठित आयोगको कार्यादेश अस्पष्ट र सीमित भयो। परिपूरणको पनि त्यत्ति धेरै जिम्मेवारी दिइएन । यसलाई विकेन्द्रीकरण गरिनुपर्ने थियो । आयोगलाई समन्वयकारी भूमिका राज्यले गरिदिएको भए उत्तम हुन्थ्यो। कार्यबोझ धेरै भयो ।



सरकारले निश्चित पूर्वमन्त्री, संवैधानिक निकायका पूर्वपदाधिकारी, न्यायाधीश, प्रदेश सरकारका मन्त्री, नेपाल सरकारका उच्चपदस्थ अधिकृतको सम्पत्ति विवरण माग गरी ९० दिनभित्र छानबिन गर्नुपर्छ भन्ने हाम्रो माग छ । त्यो विषय पारदर्शी ढङ्गबाट अघि बढाइनुपर्छ। सरकारले त्यसमा काम गरिरहेकै छ भन्ने अनुमान र विश्वास छ । पारदर्शी ढङ्गबाट गरिएको कामको परिणाम उत्तम हुन्छ भन्ने लाग्छ ।

देशमा भ्रष्टाचारसम्बन्धी कानुनमा सुधारको आवश्यकता छ। उदाहरणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगभित्र मन्त्रिपरिषद्बाट भएका निर्णय पर्दैनन् । भ्रष्टाचारमा पाँच वर्षको हदम्यादको कुरा पनि छ। नीतिगत भ्रष्टाचारलाई कानुनले परिभाषित गर्दैन । जुन आवश्यक छ। यो खाडललाई सुधार गर्दै लैजानुपर्छ। यसका लागि जेनजी, युवा र विज्ञ रहेको बलियो कार्यदल बनाउनुपर्छ। जसबाट कानुन र प्रशासनमा सुधार ल्याउन सकिन्छ। त्यो सरकारले तत्काल अघि बढाओस् भन्ने हाम्रो चाहना छ। गरेको कामबारे जनतालाई निश्चित समयमा नियमित रूपमा जानकारी गराउने कार्य प्रारम्भ गरिनुपर्छ। सरकारका मन्त्री खुला र परदर्शी हिसाबले नियुक्ति भए राम्रो हुन्थ्यो । त्यसले सरकारको जवाफदेहिता बढ्थ्यो । त्यसमा हाम्रो चासो छ। तथापि, सरकारले अघि बढ्ने सन्दर्भमा लय भने समातेको छ ।

**आन्दोलनमार्फत उठेका ऐजण्डा छिटो पूरा गरिनुपर्छः प्रवेश दाहाल**

आन्दोलनका जगमा बनेको सरकार भएकाले जनताका माग र ऐजण्डालाई सकेसम्म छिटो पूरा गर्नुपर्छ। आन्दोलन संस्थागत नभई गठन भए तापनि सरकारलाई आन्दोलन संस्थागत गर्नका निम्ति जेनजी समूहसँग छिटो सहजता निर्माण गरिनुपर्छ। सरकारले जनतालाई आशा दिलाउने काम गर्नुपर्छ । त्यसका लागि आमनागरिकका मागलाई विवेक पुर्याएर छिटो सम्बोधन गर्न सक्नुपर्छ । मुलुकलाई सही मार्गमा डोहोर्याउनुर्छ । हामी यो सरकारप्रति आशावादी छौं । सरकारले अब छिटो पूर्णता पाउनुपर्छ । मन्त्रालयगतस्तरमा गर्न पर्ने काम धेरै छन् । त्यसका निम्ति सहजता प्रदान गर्नुपर्छ ।

स्वास्थ्य, शिक्षा, यातायात, रोजगार र गृह मन्त्रालयबाट सरकारले गर्नुपर्ने कामलाई सरल र सहजता दिलाउनुपर्छ । सरकारी कामकारबाही र सुशासन प्रवर्द्धनमा देखिएका चुनौतीलाई सम्बोधन गर्न कर्मचारी, विद्यार्थी युनियनका विषयमा हाल भएको व्यवस्थामा पुनःविचार गरिनुपर्छ। सरकारले आफ्ना कामकारबाहीलाई प्राथमिकता निर्धारण गर्नुपर्छ ।आन्दोलनको जगमा बनेको सरकार भएकाले जनताले आशा पाउने काम गर्नुपर्छ। आन्दोलनलाई संस्थागत गरी सरकारलाई सशक्त तुल्याई इतिहासको पानामा लेख्ने काम गर्नुपर्छ ।रासस

# सरकार, निर्वाचन आयोग र दलहरूबीच त्रिपक्षीय संवादमा जोड

काठमाण्डु। आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपमा सम्पन्न गराउन सरकार, निर्वाचन आयोग र राजनीतिक दलबीच त्रिपक्षीय संवाद गर्नुपर्नेमा दलहरूले जोड दिएका छन्।

आसन्न निर्वाचनका विषयमा विहीबार आयोगले राजनीतिक दलहरूसँग गरेको छलफलमा सहभागीले सरकारले दलहरूसँग अन्तरसंवाद गर्नुपर्ने र निर्वाचनको पूर्ववातावरण तयार गर्नुपर्ने बताएका हुन् । छलफलमा सहभागी नेपाली कांग्रेसका नेता मीन विश्वकर्माले जेनजी आन्दोलनको मर्मलाई आत्मसात् गर्दै प्रतिशोधी भावना हटाएर निर्वाचनको वातावरण बनाउनुपर्ने बताउनुभयो। विशेष परिस्थितिमा बाटो बिराएको संविधानलाई सही बाटोमा ल्याउने एक आधार निर्वाचन हुनसक्ने भए पनि सरकारले हालसम्म सहज वातावरण सृजनाका लागि आफूहरूसँग समन्वय नगरेको गुनासो गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपाध्यक्ष गुरुप्रसाद बरालले राजनीतिक दलका नेतालाई स्थान हद तोक्ने, राहदानी रोक्का गर्ने र जुलुस, सभा गर्न नदिनेजस्ता सरकारका निर्णय निर्वाचनको वातावरणका लागि बाधक भएको धारणा राख्नुभयो । उहाँले फरार कैदीलाई नियन्त्रणमा लिन र लुटिएका हतियार जफत गरी समाजमा शान्ति सुव्यवस्था कायम गर्न माग गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का नेता देवप्रसाद गुरुङले जे-जसरी निर्वाचन घोषणा भए पनि आफूहरू निर्वाचनमा जान तयार भएको तर सरकारले दलहरूलाई विश्वासमा लिन नसकेको टिप्पणी गर्नुभयो । उहाँले सरकारले राष्ट्रिय सुरक्षा दिन सकेमा मात्र निर्वाचन सफल हुने बताउनुभयो।



कतिपय साना दलका प्रतिनिधिले सरकार र आयोगले ठूला दललाई अनुकूल व्यवहार गर्दै आएको गुनासो गर्दै अबका दिनमा त्यस्तो नगर्न ध्यानाकर्षण गराए ।

आयोगले विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने तथा गत निर्वाचनका कम्तीमा एक वडा सदस्यसम्म विजय हासिल गरेकासहित २९ दललाई छलफलमा बोलाएको थियो । छलफलमा प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि दल दर्ता, आगामी माघ ११ मा प्रस्तावित राष्ट्रियसभाको १८ सदस्यको निर्वाचन, मतदाता नामावली, मतदातास्थल तथा मतदान केन्द्र र राजनीतिक दलसँग आयोगले राखेको अपेक्षाका विषयमा छलफल गरिएको थियो ।रासस

## सूचना ! सूचना !! सूचना !!!

जनकपुरधाम उपहानगरपालिका वडा नं. ४ मा संचालित **अक्षर पाठशाला प्रा.लि.**, कम्पनी रजिस्ट्रारको कार्यालयको दर्ता नं. २११८४/०५९/०६० रहेको संस्था बिक्री भइसकेको हुँदा यस संस्था माथि कसैको कुनै किसिमको लिनुपर्ने/तिर्नुपर्ने बाँकी बक्यौता भएमा ३५ दिन भित्र स-प्रमाण लिई आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**अक्षर पाठशाला**

**आनन्दनगर, जनकपुरधाम उ.म.न.पा.-४, धनुषा**

**सम्पर्क नं. ९८६९९९५०७५/९८०७६९७०३५**

**नेपाल सरकार**

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

**कम्पनी रजिष्ट्रारको कार्यालय**

**त्रिपुरेश्वर, काठमाडौं, नेपाल।**

## नाम परिवर्तन सम्बन्धी सूचना


श्री जगदम्बा आर.एम.सी.एण्ड कन्स्ट्रक्सन, (दर्ता नम्बर : २१७११२),
मिथिला नगरपालिका-९, धनुषा, (प्यान नम्बर : ६०९५५४६९२),

तहाँ कम्पनीको मिति २०८२-०६-०२ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको नाम तपसिल बमोजिम परिवर्तन गर्ने गरी कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनलाई तल उल्लेखित शर्त पालना गर्नेगरी स्वीकृति प्रदान गरिएको व्यहोरा मिति २०८२-०६-०७ को निर्णयानुसार जानकारी गराइन्छ।

**तपसिल**:
साविकको नामः जगदम्बा आर.एम.सी.एण्ड कंक्रिट
संशोधित नामः जगदम्बा आर.एम.सी.एण्ड कन्स्ट्रक्सन

**शर्तहरू**:
साविक कम्पनीको नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्नपर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने ।
कम्पनीको नाम परिवर्तनको सम्बन्धमा ३० (तीस) दिनभित्र राष्ट्रिय स्तरको पत्रपत्रिकामा ३ पटक सार्वजनिक सूचना प्रकाशन गरी सोको प्रति यस कार्यालयमा पठाउने ।
कम्पनीको लेटर हेडमा तलपट्टी साविक कम्पनीको नाम कम्तीमा १ वर्षसम्म उल्लेख गर्ने ।
नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा नाम संशोधन गर्ने ।
सम्बन्धित निकायको स्वीकृत लिनुपर्ने भए लिई कार्यान्वयन गर्ने ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मधेश प्रदेशको चुनौती

मधेश प्रदेशमा नयाँ सरकार गठन भएको छ । लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)नेपालका सभासद जितेन्द्र सोनलको नेतृत्वमा गठन भएको सरकारमा ५ दल सहभागी छन् । ८ जना सभासद भएको दल सरकारको नेतृत्व गरिरहेको छ । १९ जना सभासद भएको जसपा नेपाल, ११ जना सभासद रहेको जनमत पार्टी ९ जना सभासद रहेको माओवादी सरकारमा छन् । विपक्षमा रहेका नेकपा एमाले सबै भन्दा ठूलो दलमा २३ जना सभासद छन् । दोस्रो ठूलो दल नेपाली कांग्रेसको २३ जना सभासद छन् । पहिलो र दोस्रो ठूलो दल सरकारको विपक्षमा रहेका छन् । जनमत पार्टीका सतीश कुमार सिंहको नेतृत्वमा रहेको निवर्तमान सरकारले ल्याएको बजेट अपारदर्शी, कमिसनमुखी रहेको भन्दै प्रदेश सभाको बैठक लामो समय अबरुद्ध गरेका दलहरु अहिले सरकारमा सहभागी भएका छन् । प्रदेश सभामा पेश भएको बजेट र अर्थमन्त्रालयको कम्प्युटरमा रहेको बजेटमा झण्डै ६ अर्बको फरक रहेको तत्कालीन विपक्षी दलहरुले आरोप लगाएको थियो । सिंह नेतृत्वको सरकारमा रहेका जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)नेपाल पनि सोनल नेतृत्वको सरकारमा छन् । तत्कालीन समयमा बजेटको बिरोध गर्ने जनमत पार्टी संसदीय दलका नेता महेशप्रसाद यादव पनि सरकारमा छन् । बजेटको संशोधन अथवा निरन्तरता विषयमै सरकारमा विवाद हुनसक्ने सम्भावना छ । एमाले र कांग्रेसका मन्त्रीहरुले आ आफ्नो क्षेत्रमा नै बजेट सीमित गरेकाले पनि सभासदहरुमा चरम असन्तुष्टि थियो । विकास निर्माणको नाममा चरम भ्रष्टाचार भइरहेको थियो । गत आर्थिक वर्षमा अग्रिम कमिसन लिएर अर्बौं रुपैया भ्रष्टाचार भएको आरोप विपक्षी दलहरुले लगाएका थिए । मधेश प्रदेशमा जनताले अनुभूति गर्ने काम हुन नसक्दा प्रदेशको संरचनाप्रति नै आक्रोश बढेको छ । संघीय सरकारले संविधान प्रदत्त अधिकार समेत प्रदेशलाई दिएको छैन् । प्रहरी समायोजन हुन सकेको छैन् । मधेश प्रदेशलाई संघीयताको जननी भनिएको छ । तर संघीयतालाई कमजोर बनाउने काम मधेश प्रदेश सरकारबाट नै भइरहेको छ । मधेश प्रदेशमा हुने भ्रष्टाचार लगायतका क्रियाकलापले नागरिकमा आक्रोश बढदो छ । अधिकारका लागि संघीय सरकारसित दबाब र संवादमा निरन्तर रहनु पर्ने र प्रदेशको संरचनाप्रति बढेको जनआक्रोशलाई न्यून गर्नुपर्ने काम प्रदेश सरकारले गर्नुपर्ने छ । मधेश आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका सोनल अहिले प्रदेशको नेतृत्व गर्ने अवसर पाएका छन् । उनले आफ्नो क्षमताले मधेश प्रदेशवासीलाई सुखानुभूति गराउन आवश्यक छ । भौतिक पूर्वाधार विकास मन्त्री भएर उनी तीन वर्ष मधेश प्रदेश सरकारमा काम गरिसकेको अनुभव पनि सोनललाई छ । साना दलका नेता सरकारको नेतृत्वमा रहेकाले ठूला दलहरुले दबाब बनाउने प्रयास गर्ने छन् । त्यो स्वभाविक पनि हो । चुनौतीको चांगलाई सोनलले सफलतापूर्वक निकास दिन सकोस् भन्ने शुभकामना सहित बधाई ।

# फूलखेतीमा रमाउँदै भक्तपुरका महिला

**रमेश गिरी**

मखमली र सयपत्री फूलले ढकमक्क बनेको बारीको पाटोदेखि धान फल्ने खेतका गह्राहरूमा बिहानीको पारिलो घामको न्यानोमा भक्तपुरका महिलाहरूलाई फूल टिप्न भ्याइनभ्याई छ । बिहान उठेर फूल टिपेर घरमा पुग्न नपाई पाकेको खाना खाएर फेरि आँगन र पिढींको डिलमा बस्दै महिलाहरू सियो धागो मिलाउँदै त्यही फूलका माला गाँस्न अभ्यस्त देखिन्छन् ।

गाँसेका मालालाई लहरै झुण्ड्याएर राख्न, ढकमक्क फुलेका सयपत्रीलाई मुठा पारेर बजार पुऱ्याउने काममा परिवारका अन्य सदस्यहरू पनि उत्तिकै ब्यस्त देखिन्छन् । कोही फूल र माला लिन आएका व्यापारीसँग आफ्नै आँगनमा बसेर मोलतोल गरिरहेका हुन्छन् । तिहार नजिकिएसँगै सूर्यविनायक नगरपालिका-७ गुण्डुको प्रत्येक घरआँगनमा अचेल देखिने दृश्य हो यो ।

भक्तपुरकै पुरानो बस्ती चाँगुनारायण नगरपालिका-९ ताथलीका बनमाला समुदायले केही वर्षौंदेखि व्यावसायिक रुपमा मखमलीको फूलखेती गर्दै आएको छ । यहाँका बनमाला समुदायले एक सय वर्षदेखि नै मखमली फूलको खेती गर्दै तिहारमा स्थानीयस्तरदेखि भक्तपुरको बजारसम्म पुऱ्याएर आर्थिक उपार्जन गर्दै आएको छ । यस पेशा आजसम्म पनि पुस्तान्तरण हुँदै आएपछि ताथलीका बनमाला समुदायले फूलखेतीलाई निरन्तरता दिदै आएका छन् भने राम्रो आम्दानी हुन थालेपछि यहाँका अन्य समुदाय एवं जातजातिले पनि केही वर्षदेखि व्यावसायिक रुपमा मखमलीको फूलखेती गर्दै आएका छन् ।

त्यस्तै भक्तपुरको गुण्डुमा पछिल्लो चार दशकदेखि भित्रिएको फूलखेती अहिले व्यावसायिक रुपमा परिणत हुँदै करोडौंको फूल तथा माला बिक्री हुन थालेको छ । सूर्यविनायक नगरपालिका-७ गुण्डुका स्वर्गीय पहलमान नगरकोटीले करिब ४० वर्ष अगाडि मखमली फूलको व्यावसायिक खेती सुरु गरेको बताउनुहुन्छ गुण्डुका वडाध्यक्ष रवीन्द्र सापकोटा । उहाँले सुरु गर्नुभएको फूलखेती अहिले व्यावसायिक फूलखेती गर्ने नमूना वडाको पहिचान बन्दै फूलको राजधानीको रुपमा परिचित भएको सापकोटा बताउनुहुन्छ ।

स्वर्गीय नगरकोटीकी पत्नी देवकुमारी नगरकोटी गुण्डुमा पहिलोपटक आफ्ना श्रीमान्ले ४० वर्ष अगाडि असनका व्यवसायीका सल्लाहमा मखमलीको खेती सुरु गरेको बताउनुहुन्छ । अहिले पुस्तान्तरण हुँदै उहाँको छोरी उर्मिला नगरकोटी र तीन छोरा मदनकृष्ण, कविराज पनि सयपत्री, मखमली मात्रै नभई विभिन्न जातका फूलखेती गर्नमा व्यस्त छन् ।

गुण्डुमा फूलखेती भित्र्याउने नगरकाटीले ४० वर्ष अगाडि भक्तपुरदेखि काठमाडौंका पशुपति, चावहिल, असन, इन्द्रचोकलगायतका बजारमा फूल बिक्री गर्न लैजाँदा त्यहाँका व्यापारीले आफ्नो बजारमा प्रतिस्पर्धा गर्न आएको भन्दै लखेट्ने गरेको तीतो अनुभव सुनाएको उहाँका छोरा कविराज बताउनुहुन्छ । त्यतिबेला बजारमा अरु व्यापारीसँग लुकेरै भए पनि एउटा माला एक सुकामा बिक्री गरेको रकमले १० जनाको परिवारको खर्च टार्नुपर्ने बाध्यता रहेको थियो । अहिले त्यही व्यवसाय परिवारको मुख्य आम्दानीको स्रोत बनेको छ भने छोराहरूले फूलसँगै असनमै अन्य व्यवसाय पनि गर्दै आएका छन् ।

गाउँका अरुका माला पनि बजार पुर्याउने स्व.नगरकोटीले स्थानीयलाई फूलको बेर्ना राख्ने, स्याहार्ने, फूल टिप्नेदेखि खेती गर्न सिकाएको स्मरण गर्दै उहाँकी छोरी उर्मिलाले आफ्नो घरबाट सुरु भएको खेती अहिले गुण्डुमा मुख्य व्यावसायिक खेतीको रुपमा विकास भएको देख्दा खुसी लागेको बताउनुहुन्छ । यहाँ महिलाले आफ्नै पेवा आम्दानीको रुपमा समेत फूल खेती गर्दा उनीहरूको राम्रो आम्दानीको स्रोत समेत बनेको छ ।

वडास्तरीय अपाङ्ग समन्वय समितिकी अध्यक्षसमेत रहेकी उर्मिला यतिखेर यहाँका महिलालाई खर्चका लागि छोरा वा श्रीमानको आशामा गर्नुपर्ने अबस्था नरहेको, चाँडबाडलगायत घरखर्चमा पनि टेवा पुगेको बताउनुहुन्छ । घरखर्चका लागि ऋण समेत नपत्याउनेहरू फूलखेतीबाटै बुबाले तीन-चार लाख रुपैयाँसम्म कमाउन थालेपछि जीवनस्तरमा उल्लेख्य सुधार आएको उहाँ बताउनुहुन्छ । फागुनमा बेर्ना राखि चैत्रमा रोपेको मखमली असारदेखि निरन्तर चार महिनासम्म टिपेर मखमलीको माला गाँसी वार्षिक लाखौँ आम्दानी गर्न थालेका छन् ।



### पुष्प व्यवसायी भन्छन्- मूल्यमा एकरूपता आवश्यक

स्थानीय पुष्प व्यवसायी एवं राष्ट्रिय कृषक समूह महासङ्घकी केन्द्रीय उपाध्यक्ष अनिता बस्नेतले यसवर्ष आफूले लगाएको फूलखेतीबाट तीन लाखको फूल बिक्री गरेको बताउनुहुन्छ । आधा रोपनी जग्गामा मखमली र अढाई रोपनी जग्गामा सयपत्री फूलको खेती गरेको बताउँदै उहाँ भन्नुहुन्छ, ''स्थानीय महिलाहरूले उत्पादन गरेका फूललाई बजारीकरणको प्रबन्ध मिलाइएको छ । एक रोपनी जग्गामा लगाएको फूलखेतीबाट डेढदेखि दुई लाख रुपैयाँसम्म आम्दानी हुने गरेको छ ।'' असार महिनादेखि नै मखमली र सयपत्री फूल बिक्री गर्न थालेको उहाँको भनाइ छ ।

असारदेखि मङ्सिरसम्म उत्पादन दिने मखमली फूल असार साउनदेखि टिपेर माला उनेर सुरक्षित राख्ने र तिहार अगाडिसम्म टिपेर उनेका मखमली फूलको माला तिहारका लागि स्वदेश र विदेशमा बिक्री गर्ने गरेको बताउनुहुन्छ । सयपत्री फूल पनि असार-साउनदेखि फुल्ने गर्छ । सयपत्री फूललाई स्थानीयले मुठा बनाएर बिक्री गर्ने गरेका छन् । चार-पाँचवटा सयपत्री फूलको मुठा पारेर एक मुठाको रु १५ देखि रु २० सम्ममा बिक्री हुने गरेको बस्नेत बताउनुहुन्छ ।

सयपत्री फूललाई अचेल किलो, पाथी तथा द्वाङमा भरेर पनि बिक्री गरिन्छ । किसानले द्वाङ्को करिब रु ७०० सम्म र किलोको रु. २५० सम्म लिने गरेका छन् । स्थानीयभन्दा उन्नत जातका सयपत्री फूलको बढी समय टिक्ने भएकाले व्यापारीले बढी मूल्य तिर्ने गर्छन् । गतवर्ष घरबाटै रु २० देखि २५ मा बिक्री गरेको माला यसवर्ष पनि सोही मूल्यमा बिक्री भएको छ ।

स्थानीय पुष्प व्यवसायी बस्नेतका अनुसार गुण्डुका झण्डै ७५ प्रतिशत स्थानीयवासीले ७०० रोपनीमा मखमली र ३०० रोपनीमा सयपत्री फूलको खेती गरेका छन् । उहाँ पछिल्लो समय मखमली फूलको मालाले उचित मूल्य नपाउँदा किसान मारमा परेको बताउनहुन्छ । किसानले भन्दा बिचौलियाले बढी मूल्य लिने गरेको बताउँदै उहाँले भन्नुभयो, "मखमली फूलको माला किन्न व्यापारी घरघर आउँछन् । किसानसँग एउटा मालाको मुस्किलले रु २१ देखि २५ सम्म लैजान्छन् तर बजारमा रु ७० भन्दा बढी मूल्यमा बिक्री गर्छन् । मालाको मूल्य निर्धारण नहुँदा किसान मारमा परेका छन् ।" राज्यले मखमली फूलको मालामा एकरुपता ल्याउन लम्बाई र गुणस्तर हेरेर मूल्य निर्धारण गर्नुपर्ने बताउँदै उहाँ व्यवसाय गर्ने महिलाहरूका लागि सरकारले गुण्डुलाई फूलखेतीको पकेट क्षेत्र घोषणा गर्दै आर्थिक अनुदान र तालिम एवं प्रविधि हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुहुन्छ ।

### किसानलाई नगरपालिकाको अनुदान

सूर्यविनायक नगरपालिकाले पुष्पखेतीको पकेट क्षेत्रको रुपमा यस क्षेत्रलाई विकास गर्दै स्थानीय किसानका लागि २०७५ सालदेखि सयपत्री फूलका बेर्ना अनुदान वितरण गर्दै आएको वडाध्यक्ष रवीन्द्र सापकोटा बताउनुहुन्छ । नगरपालिकाले साना किसान कृषि सहकारी संस्थामार्फत सयपत्री फूलको बेर्ना उत्पादन गरी रु १२ पर्ने बिरुवालाई आठ रुपैयाँ अनदान दिई वितरण गर्दै आएको उहाँको भनाइ छ । सापकोटाका अनुसार यस वर्ष स्थानीय ५५० किसान परिवारलाई रु १२ लाखबराबरको ७५ हजार सयपत्री बेर्ना वितरण, तालिम तथा प्राविधिक सहयोग गरिएको छ ।

उहाँले भन्नुभयो, "यहाँका महिला किसान फूलखेतीमा आकर्षित छन्, आम्दानीको राम्रो स्रोत र गुण्डुको पहिचान फूलखेतीमा बनेको छ, घरघरमा असारदखि नै मखमली फूलको माला झुत्तो बनाएर राखी तिहारमा बिक्री गरेका छन् ।" गुण्डुबाट प्रत्येक वर्ष करिब दुई करोडभन्दा बढी फूल र माला बिक्री हुने गरेको बताउँदै उहाँ भन्नुहुन्छ, ''फूलको व्यापारमा बिचौलिया हावी भएकाले पुष्प किसान एवं व्यवसायीलाई सिधै बजार पुऱ्याउन सके अझै आम्दानी बढ्ने छ ।'' फूललाई रोगबाट जोगाउन सके राम्रो आम्दानी गर्न सकिन्छ । फूल खेतीबाट धान तथा मकैभन्दा चौबर बढी आम्दानी हुने भएकाले कतिपय किसानहरूले फूलको टनेल खेती समेत गरेर १२ महिना नै सयपत्री फूल उत्पादन गर्न थालेका छन् ।

### अन्तरराष्ट्रिय बजारमा भक्तपुरका फूलमाला

अन्तरराष्ट्रिय बजारमा गुण्डुका फूलमाला पुग्ने गरेका छन् । सयपत्रीभन्दा मखमली फूल र माला अन्तरराष्ट्रिय बजारमा पुग्ने गरेको व्यवसायी अनिता बस्नेत बताउनुहुन्छ । नेपालमा भारतीय फूलले बजार ओगटिरहेको बेलामा यहाँका फूल भने अमेरिकादेखि अष्ट्रेलियासम्म पुग्ने गरेका छन् । राष्ट्रिय कृषक समूह महासङ्घ नेपालकी केन्द्रीय उपाध्यक्षसमेत रहेकी बस्नेतले आफ्नो बारीमा फुलेका फूललाई अमेरिकादेखि अष्ट्रेलियासम्म पुऱ्याउन पाउँदा खुसी लागेको बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "विगत केही वर्षदेखि अन्तरराष्ट्रिय बजारका व्यापारीमार्फत यहाँका फूल तथा माला पुऱ्याउने गरेको छु । मेरो उत्पादनले मात्रै नपुग्दा अरु किसानका उत्पादन पनि खरिद गरेर विदेशका लागि व्यापारीलाई फूल तथा माला पठाउँछु ।" यस वर्ष पनि अष्ट्रेलिया, अमेरिका, क्यानडा, जापान, दुबईलगायतका देशमा मखमली फूलका माला पठाइएको छ ।रासस

# संविधान सुधार र जिम्मेवारी खोज्दै जेनजी आन्दोलन



**सन्तोष घिताल**

जेनजी आन्दोलन राजनीतिक दल, प्रणाली वा संविधान परिवर्तनको लागि नभई सुधारका लागि हो।

जेनजी पुस्ता देशको अस्थिर राजनीति, भ्रष्टाचार, बेरोजगारी र असक्षमताबाट निराश छन्।

जेनजी आन्दोलनले प्रत्यक्ष कार्यकारीको मागलाई सम्बोधन गर्न दबाब दिइरहेको छ।

नेपालको राजनीतिक इतिहासमा समय-समयमा अनेकौं आन्दोलन भएका छन् । कसैले शासन व्यवस्था बदल्ने माग गरे, कसैले संविधान निर्माणको आन्दोलन चलाए। तर पछिल्लो समय देखिएको जेनजी आन्दोलन ती सबैभन्दा भिन्न प्रकृतिको चेतना हो।

यस आन्दोलनको मूल उद्देश्य कुनै राजनीतिक दल, प्रणाली वा संविधान उल्ट्याउने होइन, बरु वर्तमान अवस्थाको सुधारका लागि थियो। तर विडम्बना के छ भने, अहिले यस आन्दोलनलाई केही स्वार्थी राजनीतिक वृत्तले गलत रूपमा चित्रण गर्न थालेका छन्। उनीहरूका अनुसार यो आन्दोलन दलविरोधी र व्यवस्था परिवर्तनको तयारी हो, तर वास्तवमा जेनजी आन्दोलनको मूल आत्मा त्यसको ठिक विपरीत छ।

जेनजी पुस्ता लामो समयदेखि देशको अस्थिर राजनीति, भ्रष्टाचार, बेरोजगारी र असक्षमताले निराश भएको पुस्ता हो। विगत दुई दशकमा नेपालले राजतन्त्रको अन्त्यदेखि संघीय गणतन्त्रसम्मको ठुलो राजनीतिक रूपान्तरण देख्यो तर देशको प्रशासनिक र आर्थिक अवस्था झन् कमजोर बन्दै गयो। राजनीतिक नेतृत्व बारम्बार बदलिए पनि नीति र सोच उही रह्यो। जनतामा नेतृत्वप्रति विश्वास हरायो र यही निराशाको परिणामस्वरूप युवाहरूले अब 'व्यवस्थाभन्दा पनि अवस्थाको सुधार जरुरी छ' भन्ने चेतना विकसित गरे। यही चेतनाले जन्म दियो-जेनजी आन्दोलन।

विगतका राजनीतिक आन्दोलनहरू प्रायः शक्ति प्राप्तिका लागि केन्द्रित हुन्थे । जेनजी आन्दोलनले शक्ति होइन, उत्तरदायित्व खोजिरहेको छ। यसले नयाँ संविधान लेख्ने होइन, विद्यमान संविधानभित्र सुधार गरेर शासनलाई जबाफदेही र पारदर्शी बनाउने लक्ष्य राखेको देखिन्छ। जेनजी पुस्ताले ठम्याएको छ कि समस्या लोकतान्त्रिक प्रणालीमा होइन, त्यसलाई चलाउने पुराना नेताहरूमा छ। जसले वर्षौंसम्म सत्ताको चक्रमा बसेर देशलाई अवसर भन्दा निराशा दिएको छ।

जेनजी आन्दोलनको उदयका पछाडि धेरै गहिरा कारण छन्। पहिलो कारण भनेको देशमा व्याप्त संस्थागत भ्रष्टाचार नै हो। राजनीतिबाट प्रशासन, प्रशासनबाट न्यायालय र विकास क्षेत्रसम्म भ्रष्टाचारले जरा गाडेको छ। जनताले कर तिर्छन् तर त्यसको प्रतिफल देख्दैनन्। दोस्रो, अवसरको अभाव हो। लाखौं युवा रोजगारीका खोजीमा बिदेसिएका छन्, जसले देशको श्रमशक्ति र उत्पादकता कमजोर बनाएको छ। तेस्रो, राजनीतिक पुनरावृत्ति हो । तीनै दलका त्यही नेताहरू दशकौंदेखि सत्तामा आइरहेका छन् जसले नयाँ सोच र दृष्टिकोणलाई ठाउँ दिन मानेका छैनन्। यी सबै कारणले युवापुस्तामा आक्रोश, निराशा र अन्ततः चेतना जगाएको हो।

सतहमा देखिन्छ । जसका कारण यतिवेला जेनजी पुस्ता विभिन्न समूहमा विभाजित वनेको आभास हुन्छ ।

आन्दोलनसँगै जेनजी राजनीतिक सहमतिमा बाँधी सकेका छन् । आफूहरू सहमति भन्दा बाहिर जाँदैनौ भन्ने सन्देश पनि यति वेला उनीहरूले दिनु पर्ने छ । आफैले गरेको सम्झौता बाहिर निकासको पहल खोज्नुले थप अस्थिरता निम्त्याउनेमा कुनै शङ्का छैन ।

प्रत्यक्ष कार्यकारीको मागलाई सम्बोधन गर्न नै चाहेको भए जेनजी युवाले विद्रोह पछि राष्ट्रपति सँग भएको वार्ताको बेला बटमलाइन नै त्यही एजेन्डा बनाउनु पर्ने थियो । किन कि कुनै पनि विद्रोह संविधानमा टेकेर हुँदैन । राज्य विहीनताको अवस्थामा हुने सम्झौता पनि राजनीतिक रूपमा नै हुन्थ्यो । तर प्रतिनिधिसभा विघटन र नयाँ ताजा जनदेशमा जाने सहमतिसँगै जेनजीहरु अब आफैले गरेको सम्झौता उलङ्घन गर्न मिल्दैन ।

नसक्नु गैर राजनीतिक संस्कार हो । यदि राजनीतिक संस्कार स्थापित र राजनीतिलाई लिगमा ल्याउने हो भने दलहरू विना सर्त निर्वाचनमा जानुको विकल्प छैन । त्यसकालागि दलहरूले सरकारलाई सहयोग गर्नुपर्छ ।

जेनजी आन्दोलनबाट संविधान र राज्यका अन्य संरचना बिग्रेको केही पनि छैन । सबै संयन्त्रहरूले आफ्नो काम पनि गरिरहेको अवस्था छ । केवल प्रतिनिधिसभा नभएको मात्र हो ।

प्रतिनिधिसभाको लागि पनि निर्वाचनको मिति घोषणा भई सकेको अवस्था छ । यस अघि पनि मध्यावधि निर्वाचनका लागि प्रतिनिधिसभा विघटन भएकै हो । अहिले र पहिलेको प्रतिनिधिसभा विघटनमा कुनै फरक छैन । फरक त्यति मात्र हो त्यस बेला प्रतिनिधिसभा विघटन आवश्यकता भन्दा पनि राजनीतिक सनकको भरमा गरिएको थियो । तर अहिले राज्य विहीनताको अवस्था अन्त्यका लागि प्रतिनिधिसभा विघटन

> जेनजी आन्दोलनले जनतालाई सुधारको नयाँ बाटो देखाएको छ। यसको मान्यता छ कि व्यवस्था होइन, त्यसलाई चलाउने सोच परिवर्तन गर्नुपर्छ। परिवर्तन जनताले मतपत्रबाटै ल्याउन सक्छन्। जेनजी पुस्ताले जनतालाई यही सन्देश दिइरहेका छन् कि अब नेताको अनुहार होइन, सोच र कार्यशैलीको मूल्याङ्कन गरेर मत दिनुपर्छ। यी सबै सुधारका एजेन्डाहरु कार्यान्वयन गर्न जेनजी पुस्ता स्वयं बन्नुपर्छ भने राजनीति दलहरु जिम्मेवार देखिनुपर्छ । परिवर्तन केवल सरकार वा नेताबाट होइन, नागरिक चेतनाबाट सुरु हुन्छ। जेनजी पुस्ताले बुझिसकेको छ कि आन्दोलनको अन्त्य सडकमा होइन, नीति निर्माणमा हुन्छ। त्यसैले उनीहरुले निरन्तर खबरदारी र जनचेतनाको भूमिका निर्वाह गरुन् ।

जेनजी आन्दोलन सुरु भएपछि पुराना शक्ति केन्द्रहरू असजिला भए। उनीहरूलाई लाग्यो नयाँ पुस्ताको यो जागरणले उनीहरूको सत्ताको एकाधिकार समाप्त पार्नेछ। त्यसपछि सुरु भयो गलत प्रचारको खेल। जनतामाझ भ्रम फैलाइँदै छ कि यो आन्दोलन संविधान विरोधी, व्यवस्था परिवर्तनको षड्यन्त्र हो भनेर । यो तर्कलाई दलहरूले उजागर गर्नु भनेको फेरि राजनीतिक अस्थिरता ल्याउने प्रयासको रूपमा लिन सकिन्छ । तर यथार्थ एकदमै फरक छ। जेनजी आन्दोलनले संविधानको मर्मलाई नै बलियो बनाउने प्रयास गरेको देखिन्छ भने लोकतान्त्रिक बाटोमै विश्वास गरेको देखिन्छ । भलै जेनजी भित्र पछिल्लो समय पहिले संविधान संशोधन कि आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन भन्ने बहस र विवाद

जेनजीहरुले बुझ्नु पर्ने के छ भने परिवर्तन जनताबाटै, निर्वाचन र जनादेशबाटै सम्भव छ। यो राजनीतिक चक्र भन्दा फरक तरिकाले जेनजी पुस्ताले सोच्नु हुँदैन भन्ने नै हो । निर्वाचन पछि आउने जनादेशलाई टेकेर प्रत्यक्ष कार्यकारी प्रणालीमा जानका लागि संविधान संशोधनको एजेन्डा विना सर्त अघि बढाउन खबरदारी भने निरन्तर आवश्यक छ ।

संविधान संशोधन भन्नासाथ केही राजनीतिक दलहरूलाई डर लाग्छ । जनेजी आन्दोलनबाट सत्ताच्युत भएका दलहरू फेरि प्रतिनिधि सभा पुनर्स्थापनाको एजेन्डालाई अघि सारी रहेका छन् ।

संसद् पुनर्स्थापनाको माग अहिले उठाउनु गलत हो । किन कि आन्दोलन जेनजीहरुले जितेका हुन् हारेका होइन । आन्दोलनमा पराजित शक्तिहरूले आफ्नो हार स्वीकार गर्न

गरिएको हो । त्यसैले प्रतिनिधिसभा विघटन संवैधानिक, कानुनी रूपमा व्याख्या गर्दै पुनर्स्थापनाको बहस भन्दा पनि आन्दोलनले दिएको म्यान्डेट अनुसार दलहरू जानु पर्ने आवश्यकता छ । यो निर्वाचन दलहरूका लागि आफ्नो जनमत परीक्षण गर्ने अवसर पनि हो । विद्रोहको म्यान्डेट विरुद्ध गएर दलहरूले प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्नु अझै दलहरू परिवर्तनलाई स्वीकार गर्न सक्दैनन् भन्ने सन्देश जान्छ नै थप राजनीतिक सङ्कट दलहरूले नै निम्त्याएको ठहरिने पनि छ ।

जेनजी आन्दोलनले जनतालाई सुधारको नयाँ बाटो देखाएको छ। यसको मान्यता छ कि व्यवस्था होइन, त्यसलाई चलाउने सोच परिवर्तन गर्नुपर्छ। परिवर्तन जनताले मतपत्रबाटै ल्याउन सक्छन्। जेनजी पुस्ताले जनतालाई यही सन्देश दिइरहेका छन् कि अब नेताको अनुहार होइन, सोच र कार्यशैलीको मूल्याङ्कन गरेर मत दिनुपर्छ। यी सबै सुधारका एजेन्डाहरू कार्यान्वयन गर्न जेनजी पुस्ता स्वयं बन्नुपर्छ भने राजनीति दलहरू जिम्मेवार देखिनुपर्छ । परिवर्तन केवल सरकार वा नेताबाट होइन, नागरिक चेतनाबाट सुरु हुन्छ। जेनजी पुस्ताले बुझिसकेको छ कि आन्दोलनको अन्त्य सडकमा होइन, नीति निर्माणमा हुन्छ। त्यसैले उनीहरूले निरन्तर खबरदारी र जनचेतनाको भूमिका निर्वाह गरुन् ।

राजनीतिक दलहरूले पनि अब यो सन्देश बुझ्न जरुरी छ कि जेनजी आन्दोलन उनीहरू विरुद्ध होइन। यो कुनै दलमाथि आक्रमण होइन, बरु सुधारको अवसर हो। राज्यको शासकीय प्रणाली परिवर्तनका लागि मात्र हैन हरेक राजनीतिक दल भित्रको सुधारका लागि जेनजी आन्दोलनको सन्देश हो । आन्दोलनबाट विस्थापित भएका अनुहारहरू नै जेनजी आन्दोलनलाई गलत भाष्य निर्माण निर्माण गर्दै यो आन्दोलनको औचित्य छैन भन्दै आफूलाई सही साबित गर्नलागि पर्नु राजनीतिक आडम्वरी पन बाहेक केही होइन ।

जेनजी आन्दोलनलाई कम आकलन गर्दै खिसीटिउरी गर्दा फेरि अर्को विद्रोह जन्माउन सक्छ । किन कि जेनजी आन्दोलनले प्रमुख दलका शीर्ष नेताहरू अयोग्यको प्रमाणपत्र दिईसकेको छ । असफलताको प्रमाणपत्र पाएका नेताहरू नै फेरि राजनीतिको मूलधारमा आउनु हुँदैन । त्यसैले उनीहरूले अब सम्मानपूर्वक राजनीतिक अवकाश लिनु नै देशको हित हो। उनीहरूले नयाँ पुस्तालाई नेतृत्व सुम्पिनुपर्छ, जसले देशलाई नयाँ दृष्टिकोण र सोचका साथ अगाडि बढाउन सकोस्। तर उनीहरू राजनीतिमा सक्रिय नभई नयाँ पुस्ताको लागि सारथि बन्न सक्नु पर्छ । पुराना नेताहरूले सुधार र पुस्ता हस्तान्तरणलाई स्वीकार गरे भने जेनजी आन्दोलनले देशलाई नयाँ दिशा पक्कै दिनेछ। भलै राजनीतिक दलहरूको नेतृत्व सुम्पने आफ्नै प्रक्रिया हुन्छ । तर त्यस अघि नै नेतृत्व छाड्न तयार भएको घोषणा कम्तीमा गर्ने हिम्मत नेताहरूले गरुन् ।

डिजिटल युगमा जन्मिएको जेनजी पुस्ताको सोच र कार्यशैली परम्परागत नेताभन्दा फरक छ। उनीहरू सूचना, प्राविधिक दक्षता र पारदर्शी शासनको पक्षधर छन्। सामाजिक सञ्जाल र स्वतन्त्र मञ्चहरू मार्फत उनीहरूले आफ्ना विचारलाई व्यापक रूपमा फैलाइरहेका छन्। यही डिजिटल सक्रियता भविष्यको राजनीतिक संस्कृतिको नयाँ आधार बन्न सक्छ। देशलाई सुधार्ने व्यवस्थालाई होइन, सोचलाई बदल्नुपर्छ। जेनजी आन्दोलन कुनै क्षणिक उत्तेजना नभई दीर्घकालीन सुधारको आरम्भ पनि हो । यसले दलहरूको कार्यशैलीलाई चुनौती मात्र दिएको छैन, नयाँ राजनीतिलाई बाटो पनि देखाएको छ। यो पुस्ताले देखाएको बाटोमा यदि दलहरूले सहयोग गरे भने नेपालले सुशासन, स्थायित्व र पारदर्शिताको नयाँ अध्याय सुरु गर्न सक्छ।रातोपाटी

# स्वास्थ्य क्षेत्रको सुधारमा जुट्यो गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालय




गण्डकी । गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालय स्वास्थ्य क्षेत्र सुधारमा जुटेको छ । सुधारका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएको मन्त्रालय चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनमा जुटेको हो । कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट तथा कार्यसञ्चालन निर्देशिका र मापदण्ड तयार गरी सम्बन्धित निकाय तथा कार्यालयमा पठाइसकिएको स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले जानकारी दिनुभयो ।

बुधबार मन्त्रालयमा आयोजित पत्रकार भेटघाटमा उहाँले मन्त्रालय र मातहतका निकायहरूले तदारुकताका साथ कार्यक्रम कार्यान्वयन गर्ने बताउनुभयो । "कार्यक्रम कार्यान्वयनमा कहीँकतै ढिलासुस्ती भएमा मन्त्रालय, मेरो सचिवालय वा म स्वयंलाई सम्पर्क गर्न अनुरोध गर्दछु", मन्त्री पाठकले भन्नुभयो, "बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा महत्त्वपूर्ण योगदान पुग्नेछ ।" मन्त्री पाठकले प्रदेशको स्वास्थ्य क्षेत्र सुधारमा सिङ्गो प्रदेश सरकार र मन्त्रालयको नेतृत्वले गत वर्षदेखि पहल थालेको बताउनुभयो । उहाँले चालु आवमा स्वास्थ्यका ४३ वटा कार्यक्रम कार्यान्वयन हुने जानकारी दिनुभयो । तीमध्ये केही कार्यक्रम पहिलोपटक गण्डकी प्रदेशमा लागू हुन लागेका छन् । मन्त्रालयले गत वर्ष प्रदेश मातहतका नौ अस्पताल स्तरोन्नति गरेको थियो । प्रदेश सरकारअन्तर्गतका कूल १४ अस्पतालको स्वीकृत शय्या सङ्ख्या तीन सयबाट बढाएर ७५० पुर्याइएको उहाँको भनाइ छ ।

"अस्पताल स्तरोन्नतिको निर्णयसँगै सम्बन्धित अस्पतालमा चिकित्सकको दरबन्दी थप, उपकरण, बजेट तथा कार्यक्रमको व्यवस्था गरी पठाइएको छ", उहाँले भन्नुभयो, "मन्त्रालय मातहतका निकाय र जिल्लास्तरका कार्यालयहरूको संरचनागत हेरफर गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) मन्त्रिपरिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा गइसकेको छ।" धवलागिरि, गोरखा र मध्यविन्दु प्रदेश अस्पतालमा आँखा उपचार शिविर एवं मोतियाबिन्दुको निःशुल्क शल्यक्रियाका लागि बजेट विनियोजन गरिएको मन्त्रालयका निमित्तसचिव डा रमेशकुमार केसीले बताउनुभयो । धवलागिरि आयुर्वेद अस्पताल, गण्डकी आयुर्वेद अस्पताल र प्रदेश आयुर्वेद चिकित्सालय तनहुँमा गुदारोगको निःशुल्क स्क्रिनिङ तथा उपचार सेवा सुरु गरिने उहाँको भनाइ छ ।

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि यातायात तथा सञ्चार खर्च उपलब्ध गराइने भएको छ । मुस्ताङ र मनाङको उच्च हिमाली भेगमा उच्च भेगीय स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्न लागिएको मन्त्रालयले जनाएको छ ।

क्यान्सरका बिरामीको उपचारका लागि प्रदेश सरकारका तर्फबाट थप रु एक लाख उपलब्ध गराउनेगरी देशका विभिन्न छवटा अस्पतालसँग क्यान्सर उपचार सहायता कार्यक्रमको सम्झौता भइसकेको मन्त्रालयका निमित्तसचिव डा केसीले बताउनुभयो । गर्भवती तथा नवशिशुहरूको ज्यान जोखिममा परेमा तत्काल निःशुल्क हवाई उद्धार गर्नेगरी मन्त्रिपरिषद्बाट निर्देशिका स्वीकृत भई कार्यान्वयनमा गएको उहाँको भनाइ छ ।

मन्त्रालयले गण्डकी प्रदेशभित्रका सहिद, बेपत्ताका परिवार, द्वन्द्वपीडित, विभिन्न आन्दोलनका घाइते, अपाङ्गता भएका व्यक्तिहरू, मिर्गौलापीडित, यौनिक अल्पसङ्ख्यकको निःशुल्क स्वास्थ्य बीमा गरिएको जनाएको छ । यस वर्षदेखि प्रदेशभित्रका पत्रकारहरूको पनि निःशुल्क स्वास्थ्य बीमा प्रक्रिया अगाडि बढाइएको मन्त्रालयले जनाएको छ ।

सम्बन्धित अस्पतालबाटै प्रोत्साहन सुविधा पाउनेगरी मनाङ, मुस्ताङ, बागलुङको बुर्तिबाङ र गोरखाको आँपपिपल अस्पतालमा विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम लागू गरिएको निमित्तसचिव डा केसीले बताउनुभयो ।रासस

# आन्दोलनरत नर्सहरुको समस्या तत्काल समाधान गर्न प्रधानमन्त्रीको निर्देशन



काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले आन्दोलनरत नर्सहरुको समस्या तत्काल समाधान गर्न निर्देशन दिनुभएको छ ।

प्रधानमन्त्री कार्कीले विहीबार स्वास्थ्य सचिव डा विकास देवकोटालाई बोलाएर तत्काल आन्दोलनरत नर्सहरुको समस्या समाधान गर्न निर्देशन दिनुभएको हो । स्वास्थ्य मन्त्रीको समेत जिम्मेवारीमा रहनुभएका उहाँले आन्दोलनको विषय बुझेर तत्काल सम्बोधन हुने गरी कदम चाल्न र प्रगतिबारे जानकारी गराउन निर्देशन दिनुभयो ।

देशमा रहेका दक्ष जनशक्तिलाई अत्यन्तै न्यून पारिश्रमिक दिएर राखिनु उचित नभएकाले उनीहरुको समस्या समाधान नभए ठूलो जनशक्ति विदेश पलायन हुने जोखिम बढ्ने प्रधानमन्त्री कार्कीले बताउनुभयो ।

स्वास्थ्य मन्त्रालयको निर्णय बमोजिम पाँचौँ तह बराबरको पारिश्रमिक पाउनु पर्ने माग राख्दै कास्कीको मणिपाल र गण्डकी मेडिकल कलेजका नर्सहरु आन्दोलनमा छन् । मन्त्रालयले गत मङ्सिरमा सबै स्वास्थ्य संस्थामा कार्यरत नर्सहरुको पारिश्रमिक ३४ हजार ७३० रुपैयाँ हुनुपर्ने निर्णय गरेको थियो ।

**अदालतको सेवा एक दिन पनि रोक्न मिल्दैन: प्रधानमन्त्री कार्की**

प्रधानमन्त्री सुशीला कार्कीले अदालतको सेवा एक दिन पनि रोक्न नमिल्ने बताउनुभएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणको सञ्चालक समिति र सर्वोच्च अदालतको प्रतिनिधिमण्डलसँगको संयुक्त बैठकमा उहाँले अदालतको सेवा रोक्न नहुने धारणा राख्नुभयो । काठमाडौँ जिल्ला अदालतको भवन क्षतिग्रस्त भएपछि वैकल्पिक व्यवस्थाका लागि बैठकमा छलफल भएको प्रधानमन्त्री कार्कीको सचिवालयले जनाएको छ ।

सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार विमल पौडेलले नागरिक उड्डयन प्राधिकरणको बबरमहलस्थित भवन उपलब्ध गराउन आग्रह गर्नुभएको थियो । सो सन्दर्भमा प्रधानमन्त्री कार्कीले अदालतको सेवा रोक्न नमिल्ने भएकाले प्राधिकरणको भवन उपलब्ध गराउन निर्देशन दिनुभयो ।प्राधिकरणले तत्कालका लागि सशर्त भवन उपलब्ध गराउने समझदारी बनेको छ । अदालत र प्राधिकरणबीच समझदारी गरी भवन उपलब्ध गराउन प्रधानमन्त्री कार्कीले निर्देशन दिनुभएको थियो ।रासस

# सहकारीपीडितको समस्या समाधानमा प्रधानमन्त्रीको पहल

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले सहकारी पीडितहरूको समस्या समाधानका लागि पहल लिनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा विहिबार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री अनिल सिन्हा, सहकारी मन्त्रालयका सचिव केदारनाथ शर्मा, प्रधानमन्त्री कार्यालयका सचिव राजकुमार श्रेष्ठ, सङ्कटग्रस्त समस्या समाधान समितिका अध्यक्ष, सहकारी नियमन प्राधिकरणका पदाधिकारी, सहकारीपीडित बचतकर्ता संरक्षण राष्ट्रिय महासङ्घका पदाधिकारीलाई एकै ठाउँमा राखेर प्रधानमन्त्री कार्कीले सिंहदरबारमा छलफल गर्नुभएको थियो ।

सो क्रममा उहाँले सहकारी



ठगी गरेर हिँड्नेहरूलाई कुनै हालतमा छाड्न नहुने बताउनुभयो । "ठगेर खानेलाई छाड्न मिल्दैन । बरु कानुनमा समस्या छ भने त्यो पनि संशोधन गरौँ, जे गर्नुपर्छ गरौँ तर ठगेर हिँड्नेलाई नछाडौँ, पीडितलाई रुँदै हिँड्नुपर्ने अवस्था अन्त्य गरौँ", प्रधानमन्त्रीले भन्नुभयो, "अहिले नै गर्नुपर्छ । हामीले नै गर्नुपर्छ । यो सरकारको मुख्य काम नै चुनाव सम्पन्न गर्नु, भ्रष्टाचारमा कारबाही गर्नु र सहकारी समस्या समाधान गर्नु हो । यसैका लागि आएको हो", प्रधानमन्त्री कार्कीले भन्नुभयो ।

सहकारी ठगीमा परेकाहरूको घरजग्गा नै लिलाम गरेर भए पनि पीडितको बचत फिर्ता हुनुपर्ने उहाँको भनाइ थियो ।रासस

# निर्धारित समयमा निष्पक्ष निर्वाचन गर्नका लागि सरकार बनेको हो: गृहमन्त्री अर्याल

भक्तपुर । गृहमन्त्री ओमप्रकाश अर्यालले वर्तमान सरकार निष्पक्ष निर्वाचन गर्नका लागि बनेको बताउनुभएको छ । विहिबार जिल्ला प्रशासन कार्यालय भक्तपुरको निरीक्षण गर्दै उहाँले सरकारले फागुन २१ मा निष्पक्ष रूपमा निर्वाचन सम्पन्न गर्ने बताउनुभयो ।

गृहमन्त्री अर्यालले निर्वाचनको वातावरण बनाउन सरोकार भएकाहरूलाई संवादमा आउन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "निर्धारित मितिमै निर्वाचन गर्न दलहरूले संवादमार्फत साथ र सहयोग गर्न आवश्यक छ । त्यसका लागि सरकारले सहजीकरण गरिरहेको छ । सरकार निष्पक्ष निर्वाचन गर्नका लागि बनेको हो, निर्वाचनमार्फत जो कोही पनि आउन सक्छन्, तर त्यसका लागि सबैबीच समन्वय भएर अगाडि बढ्न जरुरी छ ।"

निर्धारित मितिमा निर्वाचन गर्न नदिन केही तत्व लागिपरेको भन्दै गृहमन्त्री अर्यालले त्यस्ता तत्वलाई सम्झाइबुझाइ गर्नु आवश्यक रहेको बताउनुभयो । उहाँले केही राजनीतिकर्मीले सुरक्षाकर्मीको मनोबल गिराउने काम गरको भन्दै मनोबल बढाउने काममा सरकारले काम गरिरहेको बताउनुभयो ।

शान्ति, सद्भाव र सिङ्गो देशको राजनीति भत्काउन अपदस्त भएकाहरू नै लागिपरेको टिप्पणी गर्दै गृहमन्त्री अर्यालले भन्नुभयो, "भक्तपुर शान्तपूर्ण जिल्ला हो, तर अपदस्त भएकाहरूकै कारण देशमा विद्रोह भएकाले तिनीहरूलाई यो ठाउँबाट नकराउन र देशको राजनीति धुल्मिल्याउने खालका गतिविधि नगर्न सन्देश दिन चाहन्छौँ ।"

उहाँले आन्दोलनका क्रममा सवारीसाधन जलेको र हतियार लुटिएकाले सरकारले प्रहरीलाई आवश्यक स्रोतसाधनको व्यवस्था गर्न लागेको र जनतालाई शान्तिसुरक्षाको प्रत्याभूति हुनेगरी काम गर्न निर्देशन दिनुभयो । गृहमन्त्री अर्यालले भदौ २४ गते आन्दोलनका कारण जिल्ला प्रशासन कार्यालयको नागरिकता फाँट र मुद्दा फाँटमा आगलागी भएको क्षेत्रको अवलोकनसमेत गर्नुभयो । प्रमुख जिल्ला अधिकारी नमराज घिमिरेले आन्दोलनका क्रममा भएको क्षति र त्यसपछि उत्पन्न असहजता तथा शान्तिसुरक्षाबारे जानकारी गराउनुभयो ।रासस

# एमाले केन्द्रीय कमिटी बैठक: केन्द्रीय सदस्यले बोल्ने क्रम जारी




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)को १० औँ केन्द्रीय कमिटी बैठकमा केन्द्रीय सदस्यले आ-आफ्नो धारणा राख्ने क्रम जारी छ । ललितपुरको जावालाखेलमा बसिररहेको बैठकको विहीबार दोस्रो दिन पनि बुधबार पार्टी अध्यक्ष केपी शर्मा ओलीले प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदनमाथि केन्द्रीय सदस्यले धारणा राख्ने क्रम जारी रहेको हो ।

विहीबार ७५ जना केन्द्रीय सदस्यले अध्यक्ष ओलीले प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदनमाथि आ-आफ्नो धारणा र सुझाव राखिसक्नुभएको पार्टीका प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो । बुधबारको बैठकमा ५० जना केन्द्रीय सदस्यहरूले आ-आफ्ना धारणा राख्नुभएको थियो ।

प्रचार विभाग प्रमुख गौतमका अनुसार बैठकमा प्रत्येक केन्द्रीय सदस्यलाई तीन मिनेटको समय दिइएको छ । उहाँले शुक्रबारसम्म सञ्चालन हुने बैठकमा केन्द्रीय सदस्यको धारणा सुनेपछि पदाधिकारीहरूले आफ्ना धारणा राख्नुहुने जानकारी दिनुभयो ।

पदाधिकारीको धारणापछि अध्यक्ष ओलीले बैठकमा आएका सुझाव र जिज्ञासाहरूको एकमुष्ट जवाफ दिएर बैठक समापन गर्नुहुने कार्यसूची रहेको प्रचार विभाग प्रमुख गौतमले जानकारी दिनुभयो ।

उहाँका अनुसार आजको बैठकमा केन्द्रीय सदस्यहरूले जेनजी प्रदर्शनपछि मुलुकको पछिल्लो राजनीतिक घटनाक्रम, पार्टी महाधिवेशन, पार्टीमा सुशासनका पक्षमा धारणा राखिरहनुभएको छ । बैठकमा आज बोल्न बाँकी केन्द्रीय सदस्यले भोलि धारणा राख्नुहुनेछ। बैठक अहिले पनि जारी छ ।रासस

# सरकारले निर्वाचनको वातावरण बनाउनुपर्छ: नेता डा कोइराला

काठमाण्डु । नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले सरकारले घोषित निर्वाचनमा सबै नेपाली सहभागी हुने वातावरण बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकमा विहिबार उहाँले कांग्रेस जनताको घरदैलोमा पुग्ने यस अवसरलाई उत्साहपूर्वक अग्रिम पंक्तिमा उभिएर अघि बढ्नुपर्ने उल्लेख गर्नुभयो ।

नेता डा कोइरालाले भन्नुभयो, "सात दशकको प्रयत्नपछि निर्माण भएको वर्तमान संविधान यतिखेर अर्धमूर्छित अवस्थामा छ । यो संविधानको रक्षार्थ हामी कहाँ उभिन्छौँ, भावी राजनीतिक दिशा त्यसैले तय गर्नेछ ।"

राजनीतिक दल, जेनजी पुस्तालगायत सबैले वर्तमान सरकारलाई निर्वाचनको म्यान्डेट दिएको उहाँको भनाइ थियो । उहाँले निर्वाचनको वातावरण बनाउन गत भदौ २३ र २४ गते जेनजी आन्दोलनको क्रममा लुटिएका हतियारहरु



सरकारको नियन्त्रणमा आउनुपर्ने बताउनुभयो । नेता डा कोइरालाले त्यसक्रममा जेलवाट भागेका अपराधीहरुलाई पुनः सरकारले युद्धस्तरमा खोजेर नियन्त्रणमा लिई कानुनको कठघरामा ल्याउन ढिलो गर्नु नहुने बताउनुभयो ।

'कांग्रेसलाई नयाँ दिशा र नयाँ संभावनाको पार्टी' बनाउन आगामी मंसिर महिनामा पार्टीको १५औं महाधिवेशन गर्नुपर्ने उल्लेख गर्दै उहाँले नियमित महाधिवेशनवाट मात्र सबैको सम्बोधन र नेतृत्वमा समेत ताजापन सम्भव हुने उहाँको भनाइ थियो ।

एकताबद्ध कांग्रेस, बलियो कांग्रेस र समयसापेक्ष परिवर्तन कांग्रेस आजको आवश्यकता भएको बताउँदै नेता डा कोइरालाले २०७९ सालमा कांग्रेस र अन्य दलहरुसँग भएको गठबन्धनका उम्मेदवारलाई सहयोग नगरेको भन्ने उजुरीका आधारमा या विद्रोही उम्मेदवार उठेको कारण कारबाहीको सिफारिसमा परेको सबैका कारबाही फिर्ता गर्न माग गर्नुभयो ।रासस

# कोशी प्रदेश सरकारद्वारा मृत्यु भएका परिवारलाई राहत वितरण




झापा । कोशी प्रदेश सरकारले बाढीपहिरोमा परी ज्यान गुमाउनेहरूका परिवारलाई राहतस्वरुप रु ३४ लाख ५० हजार वितरण गरेको छ । प्रदेश सरकारले बाढीपहिरोबाट मानवीय क्षति भएका इलाम, पाँचथर, झापा सुनसरी, उदयपुर र खोटाङका परिवारलाई राहत वितरण गरेको हो ।

आन्तरिक मालिम तथा कानुन मन्त्रालयका विपद् शाखा प्रमुख षडानन्द भट्टराईका अनुसार सबैभन्दा बढी रु २१ लाख ५० हजार राहतस्वरुप इलाममा वितरण गरिएको छ । गत असोज १८ देखि २० गतेसम्म परेको अविरल वर्षाका कारण इलाममा बाढीपहिरोले ठूलो जनधनको क्षति भएको थियो ।

सरकारले इलामलाई तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिसकेको छ । विपद्बाट भएको खोज-अनुसन्धान तथा राहत वितरणसम्बन्धी २०७६ को दफा ९ बमोजिम विपद्मा परेको जिल्लामा राहत वितरण गरेको उहाँले बताउनुभयो ।

विपद् शाखा प्रमुख भट्टराईले पाँचथरमा रु चार लाख ५० हजार, भोजपुरमा रु एक लाख, उदयपुरमा रु दुई लाख, खोटाङमा रु एक लाख, झापामा रु दुई लाख ५० हजार र सुनसरीमा रु दुई लाख विपद्मा परी ज्यान गुमाउनेका परिवारलाई राहतस्वरुप वितरण गरिएको जानकारी दिनुभयो ।

विपद्मा परी ज्याने गुमाउनेको परिवारलाई रु एक लाख र सोही परिवारको थप सदस्यको मृत्यु भएमा प्रतिव्यक्ति रु ५० हजारका दरले थपेर राहत विरण गरिएको उहाँको भनाइ छ । उहाँले प्रदेश सरकारले विपद्मा परेका परिवारलाई चामल, दाल, तेल, नुन, बेसार, आलु, ज्याकेट, ब्लाङ्केट, म्याट्रेसलगायत सामग्री राहतस्वरुप वितरण गरेको बताउनुभयो ।

प्रदेश सरकारले इलाममा पहिरोमा परी ध्वस्त भएका घर निर्माण गर्ने घोषणा गरेको छ । रासस

# सञ्चारमन्त्री खरेल 'हरिप्रसाद कल्याणी रिमाल सञ्चार सेवा पुरस्कार'बाट सम्मानित

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल 'हरिप्रसाद कल्याणी रिमाल सञ्चार सेवा पुरस्कार'बाट सम्मानित हुनुभएको छ ।

हरिप्रसाद कल्याणी रिमाल नाट्य प्रतिष्ठानले विहीबार जमलस्थित राष्ट्रिय नाचघरमा आयोजना गरेको नाट्यसङ्गीत एवं सञ्चार सेवा सम्मान तथा पुरस्कार वितरण समारोहमा मन्त्री खरेललाई उक्त सम्मान प्रदान गरिएको हो । संस्थाका अध्यक्ष प्राडा वासुदेव त्रिपाठीले मन्त्री खरेललाई दोसल्ला ओढाएर ताम्रपत्र र नगदसहित सम्मान गर्नुभयो ।

सञ्चारमन्त्री खरेललाई पत्रकारिता विधामा खासगरी टेलिभिजन पत्रकारिताका माध्यमबाट मुलुक र जनताको आवाजलाई मुखरित गरी जनताको सच्चा पहरेदारी र पैरवी गरेबापत उक्त सम्मान प्रदान गरिएको हो । अढाइ दशकदेखि पत्रकारिता र सञ्चारकर्ममा क्रियाशील खरेलको नेपाली पत्रकारितालाई नयाँ उचाइमा स्थापित गर्न महत्त्वपूर्ण योगदान रहेको छ ।

त्यसैगरी 'हरिप्रसाद कल्याणी रिमाल विशेष नाट्यसङ्गीत सम्मान'बाट वरिष्ठ गायिका मीरा राणा र धिरज राई सम्मानित हुनुभएको छ । रेडियो नेपालका प्रथम गायक, अभिनेता तथा रङ्गकर्मी स्वर्गीय हरिप्रसाद रिमालको साथमा उहाँकी धर्मपत्नी कल्याणी रिमालका नाममा स्थापित उक्त पुरस्कार तथा सम्मान सङ्गीत, नाट्य तथा सञ्चार क्षेत्रमा



महत्त्वपूर्ण योगदान गर्ने विभिन्न व्यक्तित्वलाई प्रदान गर्रिंदै आएको छ ।

सो अवसरमा सञ्चारमन्त्री खरेलले सञ्चार कर्म गरेबापत प्राप्त सम्मानले थप ऊर्जा र प्रेरणा मिलेको बताउनुभयो । उहाँले भन्नुभयो, "म यहाँ मन्त्रीका रूपमा आएको छैन । असोज ५ गतेसम्मको क्रियाशील सञ्चारकर्मी हुँ । अहिले भूमिका फरक भएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्रीको जिम्मेवारी सम्हालेको छु। गरिमामय संस्थाबाट सञ्चारकर्मीकै नाताले यति ठूलो सम्मान ग्रहण गर्ने निधो गरेँ ।"

सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री खरेलले अबको पाँच महिनाभित्र जेनजी आन्दोलनको भावनाअनुरुप गर्नुपर्ने काम पूरा गर्न अहोरात्र खटिने उल्लेख गर्नुभयो । "अबको पाँच महिनाको अवधिभित्र खासगरी जेनजी आन्दोलनले दिएका 'म्यान्डेड'हरू पूरा गर्नुपर्ने छ ।

सम्माननीय प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको नागरिक सरकारले प्राप्त म्यान्डेड सफलताकासाथ पूरा गर्न हामी अहोरात्र खटिइरहेका छौँ", उहाँले भन्नुभयो ।रासस

# भेनेजुएलाविरुद्ध सिआइएको कारबाहीलाई राष्ट्रपति ट्रम्पको स्वीकृति

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार भेनेजुएलाविरुद्ध गोप्य रूपमा केन्द्रीय गुप्तचर एजेन्सी (सिआइए) लाई कारबाही गर्न अनुमति दिनुभएको सङ्केत गर्नुभएको छ। साथै उहाँले दक्षिण अमेरिकी यस राष्ट्रमा भूमिगत रूपमा रहेका कथित ड्रग कार्टेलहरू विरुद्ध स्थलीय आक्रमण गर्ने विकल्पबारे पनि विचाराधीन रहेको बताउनुभयो।

राष्ट्रपति ट्रम्पको उक्त टिप्पणीपछि भेनेजुएलाका वामपन्थी नेता निकोलस मदुरोले तीव्र प्रतिक्रिया जनाउँदै 'सिआइएले गराएको कू' को घोर निन्दा गर्नुभयो र क्यारिबियन क्षेत्रमा अमेरिकी नौसैनिक आक्रमणपछि आफ्ना सेनालाई व्यापक सैन्य अभ्यासको आदेश दिनुभयो।

न्युयोर्क टाइम्सले मदुरोविरुद्ध सिआइएलाई गुप्त रूपमा कारबाहीको स्वीकृति दिएको समाचार प्रकाशित गरेको थियो। उक्त समाचारबारे विस्तृत प्रश्न सोधिँदा राष्ट्रपति ट्रम्पले 'मैले वास्तवमा दुई कारणले अनुमति दिएँ' भन्दै मदुरोको सरकारलाई 'नार्को-आतङ्कवादी शासन' को संज्ञा दिनुभयो। उहाँले जेलका दुई जना आफ्ना नागरिक हुन सक्ने भन्दै अनुसन्धान सुरु गरेको जनाएका छन्।

कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेट्रोले संयुक्त राष्ट्रसङ्घलाई ट्रम्पविरुद्ध 'आपराधिक प्रक्रिया' सुरु गर्न आह्वान गर्नुभएको छ। उक्त आक्रमणमा कोलम्बियाली नागरिकहरू पनि मारिएको उहाँको विश्वास छ। विशेषज्ञहरूले अन्तर्राष्ट्रिय जल क्षेत्रमा बिना रोकथाम वा सोधपुछको कारबाही गर्दै घातक बल प्रयोग गर्नु कानूनी रूपमा विवादास्पद भएको टिप्पणी गरेका छन्।

**शासन परिवर्तनका लागि होइन**

ट्रम्पको टिप्पणी अमेरिकी नौसेनाले क्यारिबियन क्षेत्रमा ठूलो मात्रामा आफ्नो उपस्थितिलाई विस्तार गरिरहेका बेला आएको हो। यसलाई वासिङ्टनले लागुऔषध विरोधी अभियानको हिस्सा भएको दाबी गरेको छ। तर ल्याटिन अमेरिकाका धेरै देशले उक्त कदमको आलोचना गर्दै यसलाई भेनेजुएलामा शासन परिवर्तनको प्रयासको रूपमा व्याख्या गरेका छन्।

राष्ट्रपति मदुरोले गठित समितिलाई सम्बोधन गर्दै भन्नुभयो,



कैदीहरूलाई मुक्त गरी संयुक्त राज्य अमेरिका पठाएको आरोप दोहोऱ्याउनुभयो।

पत्रकारहरूले 'के उहाँले सिआइएलाई मदुरोलाई हटाउने अधिकार दिनुभएको हो ?' भनी सोधेको प्रश्नमा उहाँले भन्नुभयो, "यो प्रश्न नै हास्यास्पद छ। वास्तवमा हास्यास्पद प्रश्न होइन, तर यसको जवाफ दिनु भनेको हास्यास्पद कुरा हो।"राष्ट्रपति ट्रम्पले भेनेजुएलाका कथित लागुऔषध कार्टेलहरू विरुद्ध समुद्रमा भएका घातक नौसैनिक कारबाहीपछि भूमिमा पनि सैन्य अभियान विस्तार गर्ने सम्भावनाबारे विचार भइरहेको जानकारी दिनुभयो। "हामी अहिले भूमिगत विकल्प हेर्दैछौं किनभने समुद्रमा त हामीले राम्रो नियन्त्रण पाइसकेका छौं", उहाँले ओभल अफिसमा पत्रकारहरूलाई भन्नुभयो।

हालै क्यारिबियनमा अमेरिकी डुङ्गामाथि भएको आक्रमणमा कम्तीमा २७ जनाको मृत्यु भएको बताइएको छ। ट्रिनिडाड एन्ड टोबागोका अधिकारीहरूले मारिएका मध्ये "हामी क्यारिबियनमा युद्ध गर्न होइन, शासन परिवर्तन गर्न होइन र सिआइएले गराएको कूलाई समर्थन गर्न होइन।"मदुरोले मङ्गलबार हालै भएको कथित लागुऔषध डुङ्गा आक्रमणपछि देशका ठूला सहरहरूमा व्यापक सैन्य अभ्यासको आदेश दिनुभएको थियो। ट्रम्पले सो आक्रमणमा 'छ जना नार्कोटेररिस्ट' मारिएको दाबी गर्नुभएको थियो।

मदुरोको निर्देशनमा भेनेजुएलाको सम्पूर्ण एटलान्टिक-क्यारिबियन तटमा अभ्यास सञ्चालन गरियो र कोलम्बिया सिमानासम्मका क्षेत्रमा थप सैन्य तयारीको योजना बनाइयो। टेलिग्राममा प्रकाशित सन्देशमा उहाँले भेनेजुएलाका 'पहाड, तट, विद्यालय, अस्पताल, कारखाना र बजार' को सुरक्षा सुनिश्चित गर्न सेना, प्रहरी र नागरिक मिलिसियालाई परिचालन गरिएको उल्लेख गर्नुभयो।राष्ट्रपति ट्रम्पले मदुरोलाई ड्रग कार्टेलको नेतृत्व गरेको आरोप लगाउनुभएको छ।

## क्रिकेटमा नयाँ इतिहासः

# नेपाल तेस्रोपटक विश्वकपमा

काठमाण्डु । नेपाली राष्ट्रिय क्रिकेट टिमले लगातारको सफलतापछि विश्व क्रिकेट जगतमा अब्बल टिमको रुपमा परिचय दिलाएको छ । मुलुकभित्रको विषम राजनैतिक परिस्थितिका साथै अन्योलपूर्ण अवस्थामा पनि नेपाली क्रिकेट खेलाडीहरूले निरन्तर विश्वकपमा प्रवेशको सपना देख्नुका साथै यथोचित सङ्घर्ष गर्दै सफलता हात पारेर मुलुकको शीर उँचो बनाइदिएका छन्। वेष्ट इण्डिज जस्तो टेष्ट प्रतियोगिता खेल्ने मुलुकलाई क्रिकेट श्रृङ्खलामै पराजित गरेर उच्च मनोबल बनाउँदै ओमान पुगेको नेपाली टिम आगामी सन् २०२६ मा भारत तथा श्रीलङ्कामा आयोजना हुने टि-ट्वान्टी विश्वकप क्रिकेट २०२६ का लागि तेस्रोपटक छनोट भएपछि सम्पूर्ण मुलुकवासी गौरवान्वित बन्न पुगेका छन्।



सन् २०१४ मा पहिलोपटक विश्वकपका लागि छनोट भएको भएको नेपालले १० वर्षपछि सन् २०२४ मा दोस्रो पटक विश्वकप खेलेको थियो। यसपाली लगातार विश्वकपमा सहभागिताका लागि प्रतिस्पर्धा गरिरहेको नेपाल छनोट चरणको दुई खेल सम्पन्न हुनुअघि नै विश्वकपमा प्रवेश गर्न सफल भएको थियो । संयुक्त अरब इमिरेटस युएईले सामुआलाई ७७ रनले पराजित गरेपछि नेपाल दुई खेलअघि नै विश्वकपमा प्रवेश पाउन सफल भएको हो । त्यसपछि नेपालले ओमानलाई उनीहरूको गृह मैदानमा सानदार नतिजाले पराजित गरेर सहभागीहरूको अङ्क तालिकामा आठ अङ्कसहित शिर्ष स्थानमा पुग्नु नेपालकै ठूलो ऐतिहासिक उपलब्धि मानिएको छ । नेपालले एशिया क्षेत्रीय छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै विश्वकपमा स्थान सुनिश्चित गरेको हो । नेपालले समूह चरणमा लगातार जित दर्ता गर्दै फाइनलमा उत्कृष्ट रनरेटका साथ विश्वकपमा प्रवेश गरेको समाचारले विश्वभर भरका सञ्चार माध्यममा स्थान पाएको छ।

**दोस्रोपटक प्लेयर अफ दि म्याच**

कुनै पनि खेलमा उत्कृष्ठ खेलाडी बन्न त्यति सहज हुँदैन । त्यसमाथि पनि विश्वकप छनोट जस्तो उच्चस्तरको क्रिकेट प्रतिस्पर्धामा दुई पटक प्लेयर अफ दि म्याचको उपाधि जितेर नेपाली ब्याटसम्यान कुशल भुर्तेलले उत्कृष्ठ खेलाडीको परिचय बनाएका छन् । विश्वकपको छनोटमा नेपालले खेलेका प्रायः सबै खेलमा ब्याटस्म्यान भुर्तेलले महत्वपूर्ण भूमिका निभाउन कुनै कसर बाँकी राखेनन्। नेपालले ओमानलाई ३८ रनले पराजित गर्दै प्रतियोगितामा आफ्नो अपराजित यात्रा कायम राख्दा उनको योगदान चर्चा योग्य रह्यो । बुधबारको खेलमा टस जितेर ब्याटिङ रोज्नुनै नेपालको उपयुक्त निर्णय हुन पुग्यो । विपक्षीलाई दबाबमा दिएर रन बटुल्ने काममा भुर्तेल जस्ता खेलाडीले सफलता हासिल गरे । कुवेतसँगको खेलमा कूल ६६ रन बनाई प्लेयर अफ दि म्याच बनिसकेका भुर्तेलले ओमानसँगको खेलमा ६९ रन बनाएर उत्कृष्ठ प्रदर्शन गरेका थिए।

यस खेलमा बलिङतर्फ नेपालका लागि गुलसन झाले तीन विकेट लिएर ओमानलाई दबाब राख्न सफलता प्राप्त गरेका थिए। समग्रमा नेपालको ब्याटिङ, बलिङ र फिल्डिङ तीनै पक्षको समयोचित संयोजनले विजयोन्मुख गराएको थियो। सुपर सिक्स चरणको खेल सम्पन्न हुनु अगाडि नै नेपाल र ओमानले विश्वकपका लागि आफ्नो स्थान सुरक्षित गरेका थिए। अघिल्ला तीनवटै खेलमा लगातार विजय हासिल गरेका नेपाल र ओमानको समान अङ्क भएपनि नेट रन रेटको आधारमा अग्रस्थानमा रहेको ओमानलाई नेपालले घरेलु मैदानमै पराजित गरेपछि ओमानी खेलप्रेमीहरूले विश्वकप प्रवेशको खुशीयाली पनि उत्साहका साथ मनाउन सकेनन्।

**सन्दीपको सफलता**

केही साताअघि नेपाल र वेष्ट इण्डिजबीच भएको क्रिकेट श्रृङ्खलामा खेल्न सारजहाँमा पुगे पनि नेपाल क्रिकेट सङ्घद्वारा निलम्बनमा परेर खेल्न नपाएका लेग स्पिनर सन्दीप लामिछानेले विश्वकप छनोटको सिलसिलामा विभिन्न खेलमा विकेट त लिए। तर कतारलाई पराजित गर्दा लामिछाने एक्कैले लिएको पाँच विकेट प्रशंसायोग्य मानिएको छ। कतारविरुद्धको खेलमा नेपालले कतारलाई पाँच रनले पराजित गरेको थियो । हारको नजिक पुगिसकेको सो खेलको नतिजा अन्तिम ओभरमा आफ्नो पक्षमा ल्याउन सफल लामिछाने प्लेयर अफ दि म्याच बन्न सफल भएका थिए। उनले यस अघि पनि एउटै खेलमा पाँच विकेट लिइसकेका छन् । नेपाली खेलाडीहरूमध्ये सबैभन्दा बढी अन्तर्राष्ट्रिय अनुभव बटुल्न सफल लामिछानेको अन्तर्राष्ट्रिय विकेट सङ्ख्या २५५ पुगिसकेको छ । कतारबिरुद्ध कप्तान रोहित पौडेलले अर्धशतकको योगदान गरेका थिए।

**पीडा बिर्साउने दिपेन्द्र**

नेपालले विगतको पीडा भुल्ने मौका समेत ओमानमा पाएको थियो । विश्वकपको छनोट चरणको क्रममा नेपालले झिनो रनको सहायताले विपक्षीलाई पराजित गर्दै विगतको नतिजालाई बिर्सिन खोज्यो। सन् २०२४ को विश्वकपको सिलसिलामा नेपाल दक्षिण अफ्रिकासँग एक रनको अन्तरले पराजित भएको थियो। यसपालि नेपालले संयुक्त अरब इमिरेटस (युएई)लाई एक रनले पराजित गर्दै नेपालले विगतको पीडा बिर्सायो । यसरी झिनो अन्तरले पराजित गर्दै पीडा भुलाउने खेलाडी थिए दिपेन्द्रसिंह ऐरी। यसपालि सबैजसो खेलमा उनको भूमिका सन्तोषजनक मानिएको थियो। युएई बिरुद्धको खेलमा उनको बलिङ होस् वा फिल्डिङ उत्कृष्ठ रहेको थियो। उनले चार ओभरमा २२ रन दिँदै तीन विकेट लिएका थिए भने एउटा रन आउट समेत गरेका थिए।

नेपाललाई उक्त खेलमा बिजयी बनाउन प्रभावकारी भूमिका निभाएवापत उक्त खेलमा उनी प्लेयर अफ दि म्याच बन्न सफल भएका थिए । उनले तीन विकेट लिएका थिए । अन्तिम ओभरमा उनको बलिङ सानदार देखिन्थ्यो । तीन बलमा तीन रन आवश्यक भएको परिस्थितिमा तिनै बलमा विकेट लिएर उनले आफ्नो टिमलाई विजयोन्मुख गराउन पुगे। सो खेलमा आशिफ शेखले अर्धशतक बनाएका थिए। युएईले जित्ने आँकलन गरेको खेलमा पनि पराजय भोग्नु परेको थियो।

**२५ वर्षपछि भेट**

विश्वकप छनोटका सिलसिलामा नेपाल र जापानबीच धेरै वर्षपछि भेट भएको छ । विगतमा दुई मुलुकबीच एशियन क्रिकेट काउन्सिल (एसिसी) अन्तर्गत प्रतिस्पर्धा हुने गरेको थियो भने हाल जापान पूर्वी एशिया प्रसान्त क्षेत्रअन्तर्गत प्रतिस्पर्धा गर्ने गरेकाले विश्वकप छनोटले दुई देशका टिमलाई २५ वर्षपछि प्रतिस्पर्धा गर्ने अवसर जुटाई दिएको थियो। नेपालले जापानलाई पाँच विकेटले पराजित गरी सुपर सिक्समा प्रवेश गरेको थियो।

**कप्तानको अनुभूति**

सन् २०१४ मा नेपाल पहिलोपटक विश्वकपमा प्रवेश गर्दा नेपाली राष्ट्रिय टिमका कप्तान पारस खडका थिए। उनी हाल नेपाल क्रिकेट सङ्घ क्यानको सचिवको भूमिकामा रहेका छन् । नेपाल तेस्रो विश्वकपतर्फ अगाडि बढिरहेपछि उनले सामाजिक सन्जाल फेसबुकमार्फत क्रिकेट सङ्घ सम्बन्धित सबैलाई बधाई दिएका छन्। उनले अब नेपाललाई इण्टरनेशनल क्रिकेट काउन्सिल (आइसिसी)को पूर्ण सदस्य राष्ट्र बनाउने चाहना स्पष्ट पारेका छन् । विश्वकप क्रिकेट छनोटका सिलसिलामा टिम व्यवस्थापनदेखि मैदानमा समेत सक्रिय भूमिका निभाइरहेका २२ वर्षीय रोहित पौडेल पनि आफ्नो नेतृत्वको टिम विश्वकपमा प्रवेशपछि बधाई थाप्न र समर्थकलाई बधाई दिने काममा ब्यस्त रहेका छन्। विश्वकप छनोटको तयारीको अवस्थामै उनले १२ कक्षाको परीक्षा उत्तीर्ण गरेका थिए । उनले समर्पण, विश्वास र एकताबाट फेरि विश्वकपमा जाने सपना वास्तविकतामा परिणत भएको धारणा फेसबुकमार्फत ब्यक्त गरेका छन्।

**महिला पनि सँगसँगै**

पुरुष क्रिकेट टिमले विश्वकपमा छनोट हुनका लागि दाबेदारी प्रस्तुत गरिरहँदा नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीले पनि आफ्नो टिम सशक्त भएको उदाहरण प्रस्तुत गर्नु अर्को गर्वको प्रसङ्ग मानिएको छ । नेपाली महिला क्रिकेट टोलीले पछिल्लो पटक टि-ट्वाण्टी अन्तर्राष्ट्रिय श्रृङ्खलामा मलेसियालाई उनीहरूकै घरेलु मैदानमा पराजित गरेर उपाधि जित्न सफल भएको थियो । क्वालालम्पुरमा भएको उक्त प्रतियोगितामा सञ्चालन गरिएको पाँच खेलमध्ये नेपालले तीन खेल जितेर उपाधि आफ्नो कब्जामा लिन सफल भएको हो । नेपालमा सन् २००० मै महिला क्रिकेटको सुरुवात भएको थियो। नेपाल क्रिकेट सङ्घ (क्यान) ले सन् २००५ मा पहिलोपटक महिला घरेलु क्रिकेट प्रतियोगिताको आयोजना गरेको थियो। क्यानले नेपाली महिला राष्ट्रिय क्रिकेट टिमको निर्माण सन् २००७ मा गरेर अन्तर्राष्ट्रिय सहभागिता प्रारम्भ गरेको थियो।

> नेपाली महिला क्रिकेट टोलीले पछिल्लो पटक टि-ट्वाण्टी अन्तर्राष्ट्रिय श्रृङ्खलामा मलेसियालाई उनीहरुकै घरेलु मैदानमा पराजित गरेर उपाधि जित्न सफल भएको थियो ।

नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नेपालको प्रतिनिधित्व गर्दै आइरहेको छ । महिला टोलीले सन् २००७ को जुलाईमा एसिसी महिला क्रिकेट प्रतियोगिताबाट अन्तरराष्ट्रिय डेब्यू गरेर अहिले टि-ट्वाण्टी इण्टरनेशनलको विश्व वरियताक्रममा २१औं स्थानमा पुगिसकेको छ । नेपालले सन् २००७ मा थाइल्याण्डविरुद्ध अन्तर्राष्ट्रिय प्रतियोगितामा डेब्यू गरेको थियो। नेपाली महिला टोली पहिलो पटक टि-ट्वाण्टी इण्टरनेशनल क्रिकेट भने सन् २०१९ को जनवरी १२ तारिखका दिन चीनसँग खेलेको थियो। यसअघि नेपाली महिला टोलीले २०१२ मै पहिलोपटक महिला टि-ट्वाण्टी एसिया कपमा भाग लिएको थियो। नेपाली टोली सन् २०१६ महिला एसिया कपको लागि पनि छनोट भएको थियो। नेपालको जुनियर महिला टोलीले आइसीसी महिला यू-१९ विश्वकप एसियाली छनोट, सन् २०२२ मा तेस्रो स्थान हासिल गरेको थियो । नेपालले २०२७ मा आइसीसी यू-१९ महिला विश्वकप आयोजना गर्ने तयारी गरेको छ । उक्त आयोजना महिला क्रिकेटको विकासकालागि कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ।

**सरकारको सम्मान**

खेलकुदको माध्यमबाट अन्तर्राष्ट्रिय कुटनीतिक सम्बन्ध विस्तारमा महत्वपूर्ण भूमिका खेलेका नेपाली क्रिकेट खेलाडीहरूको सम्मानमा नेपाल सरकारले हुलाक टिकट प्रकाशन गर्नु गौरवको विषय मानिएको छ । नेपालमा विगतमा खेलकुदसम्बन्धी विभिन्न हुलाक टिकट प्रकाशन गरिए पनि पहिलोपटक क्रिकेट खेलका पुरुष तथा महिला खेलाडीका बेग्लाबेग्लै हुलाक टिकट प्रकाशन गरिनु सानो सम्मान होइन । हुलाक सेवा विभागले आइसिसी पुरुष विश्वकप तथा आइसिसी महिला यु १९ विश्वकपमा भाग लिएका खेलाडीहरूको तस्बिर अङ्कित हुलाक टिकटमा प्रकाशनको पहिलो टाँचा लगाउने कार्यको प्रारम्भ गरेको थियो।

पुरुष तथा महिला क्रिकेट खेलाडीका बेग्लाबेग्लै दुई प्रकारका हुलाक टिकट पाँच लाख प्रति प्रकाशन गरिएको छ । विश्वकपमा प्रवेश गरिसकेपछि अब टिम स्वदेश फर्कदा नेपाली खेलाडीहरूको उचित सम्मान गर्न सम्बन्धित निकायले तयार गर्ने नै छ । विजयी खेलाडीका लागि सरकारले घोषणा गरेको आर्थिक पुरस्कार यथाशीघ्र प्रदान गर्न पनि सरकारले प्राथमिकता दिनु पर्दछ। मुख्यतः खेलाडीले खेलेरै बाँच्न सक्ने अवस्थाको सिर्जना गरी रोजगारका लागि विदेशिने क्रमको अन्त्य गर्न सरकारको सक्रियता अति महत्वपूर्ण मानिएको छ।

नेपालले तेस्रोपटक टि-ट्वाण्टी विश्वकपमा प्रवेश गर्नु क्रिकेट खेलाडीहरूको मात्र सफलता नभएर सम्पूर्ण नेपालकै लागि गर्वको क्षण मानिएको छ । खेलाडीहरूको लगातार कठिन परिश्रम, सङ्घर्ष तथा राष्ट्रप्रेमको परिणामस्वरुप नेपाली क्रिकेटले अन्तर ाष्ट्रिय मञ्चमा आफ्नो पहिचान थप बलियो बनाउन सफल भएको छ । यो उपलब्धि केवल खेलाडीहरूको मात्र नभई सम्पूर्ण नेपाली जनताहरूको हो । यस ऐतिहासिक उपलब्धिले नेपाली खेलाडीहरूलाई आगामी दिनका कठिन चुनौतीहरूलाई सामना गर्न संयम र सक्षम बनाउने छ । नेपालले अब विश्व क्रिकेटमा आफ्नो सम्मान र पहिचान कायम गर्दै नयाँ अध्याय लेख्ने विश्वासमा समस्त देशवासीहरू आशावादी रहेका छन् ।रासस

## भारतको स्पष्ट भनाइ –

# 'ऊर्जा नीतिमा उपभोक्ताको हित नै पहिलो प्राथमिकता'

एएफपी

नयाँदिल्ली । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतले रुसी तेल खरिद बन्द गर्ने वाचा गरेको दाबी गर्नुभएपछि भारत सरकारले बिहीबार आफ्नो ऊर्जा नीति सधैँ आफ्ना नागरिकहरूको हितमा केन्द्रित हुने स्पष्ट वक्तव्य जारी गरेको छ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले विज्ञप्ति जारी गर्दै भन्नुभयो, "अस्थिर ऊर्जा बजार र जटिल भू-राजनीतिक परिदृश्यमा भारतीय उपभोक्ताको हितको रक्षा गर्नु नै हाम्रो निरन्तर प्राथमिकता हो। हाम्रो आयात नीति पूर्ण रूपमा यही उद्देश्यद्वारा निर्देशित छ।"




भारतले अहिलेसम्म रुसतर्फको आफ्नो नीतिमा कुनै परिवर्तन भएको न त पुष्टि गरेको छ न त अस्वीकार । यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीले युक्रेन युद्धका बीच पनि रुससँगको ऐतिहासिक साझेदारी कायम राख्दै मस्कोबाट तेल खरिद गर्ने निर्णयलाई उचित ठहर गर्नुभएको थियो ।ट्रम्पले केही समयअघि भारतले रुसी तेल खरिद बन्द गर्ने वाचा गरेको बताउनुभएको थियो । तर नयाँदिल्लीले यसबारे कुनै आधिकारिक प्रतिक्रिया दिएको छैन।

अमेरिकी प्रशासन र भारतबीचको व्यापारिक सम्बन्ध पनि हाल केही तनावपूर्ण बनेको छ । गत अगस्टमा राष्ट्रपति ट्रम्पले भारतबाट अमेरिकामा हुने निर्यातमा कर ५० प्रतिशतसम्म बढाउनुभएको थियो । त्यसपछि उहाँका सहयोगीहरूले भारतमाथि युक्रेनमा रुसको युद्धलाई अप्रत्यक्ष रूपमा सहयोग गरेको आरोप लगाएका थिए ।यसबीच प्रवक्ता जायसवालले पुनः दोहोऱ्याउनुभयो, "ऊर्जाको स्थिर मूल्य र सुरक्षित आपूर्ति सुनिश्चित गर्नु हाम्रो ऊर्जा नीतिका मुख्य दुई उद्देश्य हुन् । यसका लागि हामीले ऊर्जा स्रोतहरूको विविधीकरणलाई निरन्तर प्राथमिकता दिएका छौं।"

भारत विश्वकै सबैभन्दा ठूलो कच्चा तेल आयातकर्तामध्ये एक हो । भारतले आफ्नो कुल तेल आवश्यकताको करिब ८५ प्रतिशत विदेशी आपूर्तिकर्ताबाट पूर्ति गर्छ। नयाँदिल्ली परम्परागत रूपमा मध्यपूर्वका देशहरू – साउदी अरब, इरान र संयुक्त अरब इमिरेट्स – मा निर्भर रहँदै आएको छ ।तर सन् २०२२ पछि पश्चिमी राष्ट्रहरूले मस्कोमाथि लगाएका प्रतिबन्धहरूका कारण रूसी तेलमा मूल्य घटेपछि भारतले त्यसको अवसर उठाउँदै आफ्नो आयात स्रोतलाई उल्लेखनीय रूपमा रूसी बजारतिर मोडेको थियो।

जायसवालले भन्नुभयो, "जहाँसम्म अमेरिकाको कुरा छ, भारतले विगतका वर्षहरूमा ऊर्जाको खरिद र आपूर्ति विस्तारमा निरन्तर प्रगति गरेको छ । पछिल्लो दशकमा द्विपक्षीय ऊर्जा सहकार्य उल्लेखनीय रूपमा गहिरिएको छ र हाल पनि वर्तमान अमेरिकी प्रशासनसँग सहयोगका सम्भावनाहरूबारे सक्रिय छलफल जारी छ।"भारतले विगतका वर्षहरूमा तेल, ग्यास र नवकरणीय ऊर्जामा विविध साझेदारी विस्तार गर्दै आएको छ। सरकारका अनुसार दीर्घकालीन लक्ष्य भारतको ऊर्जा सुरक्षालाई सुनिश्चित गर्नु र आफ्ना जनतालाई सस्तो, स्थिर र भरपर्दो ऊर्जाको पहुँच दिलाउनु हो।

# नेपालसँग ओमान पराजित

काठमाण्डु । आइसीसी टी-२० विश्वकप एसिया तथा इष्ट एसिया पेसिफिक छनोटमा नेपालले ओमानलाई ३८ रनले पराजित गरेको छ।



ओमानको अल अमिरतस्थित ओमान क्रिकेट एकेडेमी टर्फ-१ मा भर्खरै सम्पन्न खेलमा नेपालले दिएको १५२ रनको लक्ष्य पछ्याएको ओमानले २० ओभरमा नौ विकेट गुमाएर ११३ रन बनायो।

ओमानका लागि विनायक शुम्लाले १९ बलमा सर्वाधिक ३२ रन बनाए । यस्तै, मोहम्मद नदीमले २५ रन बनाए। नेपालका लागि गुल्शन झाले तीन विकेट लिँदा नन्दन यादव र सोमपाल कामीले समान दुई/दुई विकेट लिए। सन्दीप लामिछानेले एक विकेट लिए।

त्यसअघि घरेलु टोलीविरुद्ध टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १५१ रनको योगफल बनाएको थियो। नेपालका लागि कुशल भुर्तेलले ५१ बलमा सात चौका र एक छक्कासहित सर्वाधिक ६९ रनको योगदान दिए। आसिफ शेखले २० बलमा दुई चौका र एक छक्कासहित २४ रनको योगदान गरे।

गुल्शन झाले दुई छक्कासहित १८ रन जोडे भने आदिल आलमले १६ रन बनाए।

ओमानका लागि नदीम खानले चार विकेट लिए भने शुफिया मेहमुद र जितेन रामानन्दीले समान दुई/दुई विकेट लिए ।यसअघि नै टी-२० विश्वकपमा स्थान बनाइसकेको नेपाल आठ अङ्क बटुल्दै उपाधि नजिक पुगेको छ । नेपाल अङ्क तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । दोस्रो स्थानमा रहेको ओमानको छ अङ्क छ ।अब नेपालले शुक्रबार सुपर सिक्सको अन्तिम खेल सामोआसँग खेल्दैछ ।रासस

# जाडो छल्न हिमालपारिबाट आउन थाले चरा



चितवन । जाडो छल्न हिमालपारिबाट चरा आउन थालेका छन् । चितवन राष्ट्रिय निकुञ्जलगायत आसपासका सिमसार क्षेत्रमा हाँस प्रजातिका चरा आउन थालेका हुन् ।

हरेक वर्ष अक्टोबरमा आउने ती चरा गर्मी सुरु भएसँगै फर्कने गर्दछन् । नेपाल पन्छीविद् सङ्घ बागमती प्रदेशका अध्यक्ष बासु बिडारीकाअनुसार नेपालमा जाडो छल्न चरा आउन थालेका हुन् । साइबेरिया, मङ्गोलिया, तिब्बत, रसिया, मलेसिया, उज्बेकिस्तान, पाकिस्तान, चीनलगायतका देशबाट चरा आउन थालेका छन् । जाडो छल्न आउने ती चरा कालीगण्डकीको खोँच हुँदै चितवनसम्म आइपुगेका छन् ।

जाडो छल्न हाँस प्रजातिका कन्याङकुरुङ, चखेवा, सुइरोपुच्छे, मालक, खडखडे, बिजुला, गैरीसहित बाज, चिललगायत चरा यहाँ आउन थालेका हुन् । वनमा आश्रित प्रजातिमा चाचर, चुइया, भारद्वाजसमेत आउने गरेको उहाँले बताउनुभयो । यहाँका नदी किनार र तालतलैयामा यस्ता चरा देखिन थालेका छन् । उहाँका अनुसार नेपाल बाहिरदेखि आएका १२ देखि १५ हाँस प्रजातिका चरा यहाँको नारायणी, राप्ती नदी र रिउखोलामा आउने गर्दछन् । जाडो बढ्दै गएपछि नेपालकै हिमाली भेगका चरा मध्यपहाड र मध्यपहाडका चरा तराईमा आउने गर्दछन् ।

नेपालमा १५० प्रजातिका चरा आगन्तुकरूपमा आउने गर्दछन् । यी चरा छ महिनापछि बच्चा कोरल्ने समयमा फेरि दक्षिणबाट उत्तर फर्कने सङ्घका बागमती प्रदेश अध्यक्ष बिडारीले जानकारी दिनुभयो । पृथ्वीको उत्तरी ध्रुवमा दिन छोटो र रात लामो हुने हुँदा चर्नका लागि समयसमेत नहुने हुँदा ती चरा आउने गरेको विज्ञहरू बताउँछन् ।

नेपालमा विशेषगरी सिमसार, घाँसेमैदान, वन र खेतबारीमा बस्ने चरा आउने गर्दछन् । 'बर्ड एजुकेसन सोसाइटी' चितवनका अध्यक्ष विजय गिरीका अनुसार दसैँमा परेको वर्षात्सँगै नदी तटीय क्षेत्रमा आगन्तुक चरा देखिन थालेको छ । चितवन राष्ट्रिय निकुञ्ज चराका लागि उत्तम बासस्थानका रूपमा लिइन्छ । निकुञ्ज हुँदै बग्ने राप्ती, रिउसँगै नारायणी नदी र निकुञ्जभित्रका तालतलैया र वन क्षेत्रमा आगन्तुक चरा रमाउने गर्छन् । निकुञ्ज, मध्यवर्ती र सामुदायिक वन पनि पन्छीको राम्रो विचरण क्षेत्र हुन् । नेपालमा ९०२ प्रजातिका चरा पाइन्छन् भने चितवनमा मात्र ६५२ प्रजातिका चरा पाइन्छन् ।रासस

# फूलखेतीबाट एक याममा पाँच लाख बढी आम्दानी

वालिङ । स्याङ्जाको चापाकोट नगरपालिका-१ चौघेराका तुल्सीराम भण्डारीले व्यावसायिक फूलखेतीबाट एक याममा पाँच लाख बढी आम्दानी गर्दै आउनुभएको छ । पूर्वशिक्षकसमेत रहनुभएका उहाँले दसैँ र तिहारलाई लक्षित गरी फूलखेती गर्दै आउनुभएको हो ।



गत असारमा शिक्षण पेसाबाट अवकाश लिनुभएका भण्डारीले फुर्सदको समयलाई सदुपयोग गरी फूलखेतीमा गरिरहेको बताउनुभयो । दसैँ, तिहार, छठलगायत धार्मिक कार्यहरूलाई लक्षित गरी दुई चरणमा फूलका बिरुवा रोप्ने गरेको उहाँले जानकारी दिनुभयो । दसैँ, तिहारलाई लक्षित गरी तीन रोपनी क्षेत्रफलमा र मङ्सिरपछि उत्पादन हुनेगरी थप दुई रोपनी क्षेत्रफलमा फूलखेती गरेको उहाँले बताउनुभयो ।

"शिक्षण पेसामा रहँदै गर्दा पनि बिहानबेलुकाको समयमा कम मात्रामा फूलखेती गरेको थिएँ", उहाँले भन्नुभयो, "फूलखेतीबाट मनग्य आम्दानी हुने देखेपछि अहिले पूरै समय व्यावसायिक फूलखेतीतर्फ जोडिएको हुँ ।"बाँदरले अन्नबाली नष्ट गरिदिएपछि विकल्पका रूपमा सयपत्री फूलखेती थालेको भण्डारीले बताउनुभयो । अन्नबालीको विकल्पमा फूलखेतीको व्यावसायिक उत्पादन गर्नुभएका उहाँले मागअनुसार फूल पुऱ्याउन नसकेको उल्लेख गर्नुभयो । "सयपत्री फूल र मालाको माग अत्यधिक आएको छ", उहाँले भन्नुभयो, "मागअनुसार उपलब्ध गराउन सकिएको छैन ।" यहाँ उत्पादन भएको फूल बुटवल, नारायणगढ, बर्दघाट, पोखरालगायत स्थानीय बजारमा सजिलै बिक्री हुने गरेको छ ।

उहाँले 'कर्मा ५५५ मेरीगोल्ड' जातको फूल लगाउनुभएको छ । उहाँललाई श्रीमती र छोरद्वयले सहयोग गरिरहनुभएको छ । यहाँ उत्पादन भएको फूलको बजारीकरणका लागि माग भई आएका ठाउँमा आफैँ पुऱ्याउने वा गाडीमार्फत पठाइदिने काम छोराहरूले गर्दै आएका उहाँले बताउनुभयो ।भण्डारीले फूलका थुङ्गा थोकमा प्रतिकिलो रु ३००, फुटकरमा प्रतिकिलो रु ४०० देखि ४५० र माला प्रतिगोटा रु ९० सम्ममा बिक्री गर्दै आएको जानकारी दिनुभयो । ग्राहकको मागका आधारमा माला वा फूलका थुङ्गा दुवै बिक्री गर्ने गरेको उहाँले बताउनुभयो ।

भण्डारीका अनुसार यस वर्षको हालसम्म करिब रु छ लाखको फूल तथा माला बिक्री भइसकेको छ । तिहारपछि पनि बुटवल तथा स्थानीय बजारबाट फूल र मालाको माग आइसकेको उहाँले बताउनुभयो । "असारमा लगाएको बेर्नाले दसैँदेखि उत्पादन दिन थालेको हो", उहाँले भन्नुभयो, "दोस्रो चरणमा लगाएको फूलको उत्पादन मङ्सिरसम्म लिन सकिन्छ ।"गतवर्ष एकै याममा फूल र माला बिक्रीबाट रु पाँच लाखभन्दा बढी आम्दानी भएको जनाउँदै उहाँले यस वर्ष रु १० लाख बढी आम्दानी गर्ने लक्ष्य रहेको बताउनुभयो ।रासस

## सामूहिक सयपत्री फूलखेतीमा महिला

दमौली । यहाँको म्याग्दे गाउँपालिकाका महिलाहरू सयपत्री फूलखेतीमा लागेका छन् । गाउँपालिकाले ७५ प्रतिशत अनुदान प्रोत्साहन गरेपछि म्याग्दे गाउँपालिका-४ का महिलाहरू फूलखेतीमा आकर्षित भएका हुन् ।

यहाँका महिलाहरू छिम्केश्वारास्थित चण्डेश्वरी फलफूल तथा तरकारी उत्पादक समूहमा आबद्ध भएर सामूहिक फूलखेतीमा लागेका हुन् । तरकारी तथा अन्य फलफूलखेती गरिरहेका महिलाहरू पहिलो पटक सयपत्री फूलखेतीमा लागेको समूहका अध्यक्ष जितमाया रानाले जानकारी दिनुभयो ।


अध्यक्ष रानाले भन्नुभयो, "पहिला पहिला अरुले सामूहिक खेती गरिरहेको बारे फेसबुकमा हेर्थ्यौँ । हामीलाई पनि सयपत्री फूलखेती गर्ने इच्छा थियो । गाउँपालिकामा यसबारेमा जानकारी लियौँ, पालिकाका कृषि प्राविधिकबाट सल्लाह पाएपछि पहिलो पटक यसतर्फ लागेका हौँ ।"

समूहमा रहेका २३ जना महिलाहरूले छ रोपनी जग्गा भाडामा लिएर फूलखेती गरिरहेका छन् । यस वर्षको तिहारका लागि फूल उत्पादन भइसकेको अध्यक्ष रानाले बताउनुभयो । उहाँका अनुसार सयपत्री फूल प्रतिकिलो रु तीन सय र प्रतिमाला रु एक सय ५० मा बिक्री हुने गरेको छ । घरायसीमा काममा व्यस्त रहने महिलाहरूलाई फूलखेतीमा लागेपछि आत्मनिर्भर बन्न थालेका छन् ।

गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले पालिकाले विगत तीन वर्षदेखि ७५ प्रतिशत अनुदान सहयोगमा सयपत्री फूलखेती प्रोत्साहन गरिरहेको बताउनुभयो । गत वर्ष वडा नं ६ र यस वर्ष वडा नं ४ का महिलाहरूलाई सहयोग गरिएको उहाँले बताउनुभयो । "स्थानीय महिलालाई उद्यमशील बनाउनका लागि पालिकाले सहयोग गरिरहेको छ । उहाँहरुले उत्पादन गरेका फूल गाउँपालिकाले गर्ने कार्यक्रममा प्रयोग गर्ने र तिहारलगायत चाडमा बाहिरको भन्दा स्थानीयस्तरमै उत्पादित फूललाई प्रयोग गर्न सहजीकरण गर्ने हाम्रो नीति छ", अध्यक्ष श्रेष्ठले भन्नुभयो ।रासस

# सञ्चार सुविधा नहुँदा पर्यटकलाई सास्ती

म्याग्दी । अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा अवस्थित अन्नपूर्ण प्रथम हिमालको आधार शिविर जाने ' मौरिस हर्जोग' पदमार्गमा सञ्चार सुविधाको अभाव भएको छ ।



हिमाल आरोहणको इतिहासमा जेठो हिमालको नामले चिनिने अन्नपूर्ण प्रथम आधार शिविर जाने पदमार्गमा होटल सुविधा र पदमार्गको व्यवस्थापनले पर्यटकको आगमन बढे पनि सञ्चारको पहुँच नहुँदा पर्यटकले सास्ती पाएका छन् । असोजको सुरुआतदेखि दैनिक १५० देखि ३०० जनासम्म पर्यटक आधार शिविर क्षेत्रको भ्रमणमा पुगेका छन् । सञ्चारको पहुँच नहुँदा पदमार्ग र आधार शिविर क्षेत्रमा सञ्चालनमा रहेका होटलसँग सम्पर्क नगरिकनै पुग्नुपर्ने बाध्यताले पर्यटकको बसोबासमा समस्या भएको मौरिस हर्जोग पदमार्गका अभियन्ता समेत रहनुभएका पर्यटन व्यवसायी तेज गुरुङले बताउनुभयो । उहाँका अनुसार, यस पदमार्गको हुमखोलासम्म विद्युत् र मोबाइल फोनको पहुँच पुगेको छ ।

"हुमखोलादेखि आधार शिविरसम्मको क्षेत्रमा मोबाइल फोनको सञ्चार र विद्युत् पहुँच पुग्न सकेको छैन, साँधीखर्कको गुराँसेडाँडामा नेपाल टेलिकमको मोबाइल फोनको सामान्य पहुँच छ, आधार शिविर पुगेर फर्कने करिब दुईदिनको यात्राअवधिमा सञ्चार सम्पर्कविच्छेद हुने भएकाले पर्यटकको सुविधा र सुरक्षाका लागि सञ्चारको पहुँच अनिवार्य बनेको छ", पर्यटन व्यवसायी गुरुङले भन्नुभयो ।

विसं २०६८ देखि स्थानीयवासीको अग्रसरतामा नारच्याङगाउँदेखि अन्नपूर्ण प्रथम आधार शिविरसम्म पदमार्ग निर्माण सुरु भएको थियो । गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि हुमखोलासम्मको २० किलोमिटर दूरीको बाटोमा सडकको पहुँच पुगेको र हुमखोलादेखि १६ किलोमिटर दूरीमा पदमार्ग निर्माण गरी ठाउँ-ठाउँमा होटल सञ्चालनमा आएपछि अहिले यो क्षेत्रमा आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको छ । आधार शिविरको मनोरम पञ्चकुण्ड तालसँगै झरना, खोला र रमणीय भू-वनोटका कारण पर्यटकको आगमन बढेको छ । होटलको क्षमताभन्दा बढी पर्यटक आउँदा होटल व्यवसायीलाई पर्यटकको खाना र बसोबासको प्रबन्ध मिलाउन हम्मेहम्मे हुने गरेको छ ।

अन्नपूर्ण आधार शिविर पुग्ने पदमार्ग प्राकृतिक सौन्दर्यताले भरिपूर्ण रहे पनि विद्युत् र सञ्चारको पहुँच, खानेपानीको सुविधा विस्तार तथा सडकमार्गको स्तरोन्नति तत्काल गर्नेपर्ने देखिएको विराटनगरबाट समूहमा भ्रमणमा आउनुभएका मोहन अटलले गुनासो गर्नुभयो । पदमार्ग क्षेत्रमा रहेका होटलमा बुकिङ गर्न मोबाइल फोन र इन्टरनेटको पहुँच पुऱ्याउनतर्फ सरकार तथा सरोकारवालाको ध्यान जानुपर्ने उहाँले बताउनुभयो ।

यस पदमार्गअन्तर्गत हुमखोला, फुतफुते झरना, साँधीखर्क, गुफाफाँट, भुसकेटमेला र पञ्चकुण्ड ताल परिसरमा टेन्टमा बस्ने सुविधासहितका होटल सञ्चालनमा रहेका छन् । सञ्चारसँगै विद्युत् सुविधा नहुँदा खाना पकाउने ग्याँस र बत्तीको लागि जेनेरेटरको व्यवस्था गर्दा खर्चिलो तथा झण्झट व्यहोर्नुपरेको होटल व्यवसायी बताउँछन् । कम्तीमा दुईदिनको पदयात्रा अवधिमा पर्यटक सञ्चार सर्म्पकबाट विच्छेद हुँदा बिरामी भएको र हिमपातको कारण अलपत्र परेको समयमा उद्धारमासमेत समस्या हुँदै आएको छ । हिमाल आरोहणमा आउने टोलीले स्याटेलाइट प्रविधिको फोनको प्रयोग गर्ने गरे पनि अन्य पर्यटकमाझ सञ्चार सम्पर्कको माध्यम र पहुँच छैन ।

हिमाली क्षेत्रको पर्यटक उद्धारमा सक्रिय रहनुभएका पर्यटन व्यवसायी इन्द्रसिंह शेरचनले दुई दिनको पदयात्रा अवधिमा सञ्चार सम्पर्क नहुँदा पर्यटक बेखबर हुने भएकाले आपत्कालीन समय र बिरामी भएको समयमा उद्धारमा सकस हुने गरेको बताउनुभयो ।

"पर्यटक घुम्न आएको समयमा बेमौसममा हिमपात हुनसक्छ, हिमपहिरो नै जान पनि सक्छ, आपत्कालीन रुपमा कसरी उद्धार माग्ने सञ्चारको कुनै पहुँच छैन, पर्यटकको हराएको समयमा धैरै पटक खोजीकार्यमा सञ्चार नहुँदा कठिन हुने गरको छ, पदमार्गमा रहेका होटलमा कम्तीमा स्याटेलाइट वा वाकिटकी फोन राख्न आवश्यक छ", उहाँले भन्नुभयो ।

नेपालको पर्वतारोहण इतिहासमा सन् १९५० जुन ३ मा फ्रान्सेली पर्वतारोही मौरिस हार्जोगको नेतृत्वमा लुइस लचेनल र दुई नेपाली शेर्पासमेत चार जनाले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गर्नुभएको थियो । पर्वतारोहणको क्षेत्रमा इतिहास बोकेको यस पदमार्गको पहिचान गरि पदमार्ग, आश्रयस्थल, टिसप, होटल लगायतका पूर्वाधार बनेर प्रचारप्रसार हुन थालेपछि अहिले यस पदमार्गमा पर्यटकको आगमन बढेको छ । विगतका वर्षमा खाना र बस्नका लागि आफैँ बन्दोबस्तीको सामान बोकेर जानुपर्ने बाध्यता होटल सञ्चालनमा आएसँगै हटे पनि सञ्चार र विद्युत्को पहुँच विस्तारमा लाग्नुपर्ने आवश्यकता देखिएको छ ।रासस

# बलेवा विमानस्थल सञ्चालन नहुँदा स्थानीयवासी निरास

पर्वत । पर्वत सदरमुकाम कुश्माबजार नजिकै रहेको बलेवा विमानस्थल बन्द भएको ३६ वर्ष भए पनि हालसम्म सञ्चालनमा नआउँदा स्थानीवासी निरास बनेका छन् ।



विसं २०२२ मा निर्माण गरिएको उक्त विमानस्थल विसं २०४८ सम्म सञ्चालन भए पनि त्यसपछि पूर्ण रूपमा बन्द छ । विमानस्थलमा भौतिक संरचना सम्पन्न भएपछि नियमित उडानको आशामा रहेका यहाँका नागरिकले नियमित उडान र सञ्चालनका लागि कुनै निकायबाट पहल नभएको गुनासो गरेका छन् ।

पोखरा-बागलुङ सडक विस्तार भएपछि यात्रु अभावमा विमानस्थल बन्द भएको थियो । बन्द भएको २७ वर्षमा बागलुङ नगरपालिकाले सञ्चालनको प्रयास गरेको थियो । विसं २०७४ चैत ९ गतेदेखि पुनःसञ्चालनमा ल्याइएकामा यात्रु अभावले छ महिना पनि नियमित सञ्चालन हुन सकेन । नेपाल एयरलाइन्स र तारा एयरलाइन्सका जहाजले केही महिना हिउँदमा धुलाम्मे र वर्खामा हिलाम्मे धावनमार्गमा उडान भरेका थिए ।

अहिले रु आठ करोडभन्दा बढी खर्च गरेर धावनमार्ग, पार्किङ तथा टर्मिनल भवन मर्मतसम्भार गरेर आकर्षक बनाइएको छ । चौबीस मिटर चौडा, तारबारले घेरिएको, टर्मिनल भवन मर्मत गरेर रङरोगन गरिएको विमानस्थल हवाईजहाजको पर्खाइमा रहेको विमानस्थलका कार्यालय सहयोगी सविता शर्माले बताउनुभयो । उहाँका अनुसार नागरिक उड्डयन प्राधिकरणले रु आठ करोड खर्चेर चार वर्षअघिमात्र विमानस्थल कालोपत्र तथा अन्य पुराना पूर्वाधार मर्मत गरेको थियो । विमानस्थलमा गरेको लगानी जहाज नआउँदा बालुवामा पानीजस्तै भएको राम शर्माले बताउनुभयो । उहाँले विमानस्थलमा एक कार्यालय सहयोगीले नियमित रेखदेख गर्दै आउनुभएको छ । "यहाँ १८ देखि २४ सिट क्षमताका जहाज सञ्चालन गर्न सकिन्छ", उहाँले भन्नुभयो ।

यो विमानस्थलमा हवाई सेवा नियमित भएमा बागलुङ जिल्लाका साथै पर्वत र म्याग्दीका जनतालाई समेत सुविधा पुग्ने स्थानीयको भनाइ छ । बागलुङ नगरपालिकामा निर्वाचित जनप्रतिनिधि आइसकेपछि विमानस्थल सञ्चालन गर्न सातामा दुई दिन उडान भर्ने र यात्रु अभाव हुँदाको भाडा नगरपालिकाले व्यहोर्ने सम्झौता गरेपछि केही महिना सञ्चालनमा आएको थियो । पछि विमानस्थलको धावनमार्ग पक्की बनेपछि सेवा सञ्चालन झनै ठप्प बनेको छ ।

कालोपत्र भएर चिटिक्क बनेको विमानस्थलमा अहिलेसम्म परीक्षण उडान पनि नभएको बागलुङ-१४ नारायणस्थानका वडाध्यक्ष एवं नगरपालिकाका प्रवक्ता चक्रबहादुर खत्रीले बताउनुभयो । उहाँले बलेवाका स्थानीय अझै जहाज आउनेमा आशावादी रहेका भन्दै पटकपटक जहाज चलाउन पहल भए पनि सार्थकता पाउन नसकेको उल्लेख गर्नुभयो ।

हरेक सरकारका पर्यटन तथा नागरिक उड्डयनमन्त्रीलाई विमानस्थल अवलोकन गराउँदै आइएको जनाउँदै खत्रीले कसैबाट ठोस् पहल नभएको उल्लेख गर्नुभयो । "राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोर कालोपत्रको चरणमा रहेकाले कालोपत्र भइसक्दा यात्रु सहज ढङ्गले विमानस्थलमा आउने वातावरण भएमा विमानस्थल सञ्चालन हुन सक्छ । नगरले विमानस्थललाई पाइलट प्रशिक्षण केन्द्र तथा अल्ट्रालाइटजस्ता साहसिक उडानका लागि पहल गरिरहेको छ", उहाँले भन्नुभयो ।निजी क्षेत्रका एयरलाइन्सले यात्रु सुनिश्चितता नभएसम्म उडान भर्न नमान्ने गरेकाले समस्या भएको तत्कालीन विमानस्थलका पूर्वप्रबन्धक सूर्यबहादुर खत्रीले बताउनुभयो ।

उत्तर-दक्षिण जोड्ने कालीगण्डकी करिडोरको मध्यभागमा पर्ने विमानस्थलका कारण पर्यटन प्रवर्द्धनको सम्भावना भए पनि नियमित सञ्चालन गर्न नसकिएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले स्वीकार गर्नुभयो । उहाँले नगरको पहलले मात्रै विमानस्थल सञ्चालन गर्न सम्भव नहुने जनाउँदै सङ्घीय, प्रदेश र स्थानीय सरकारको सहकार्य र समन्वय आवश्यक पर्नेमा जोड दिनुभयो ।

कालीगण्डकी करिडोर सम्पन्न भएपछि र कुश्मादेखि जोडिने यान्त्रिक पुल, बन्जी पुल र नयाँ बन्ने झोलुङ्गे पुल सम्पन्न भएपछि यात्रुको समस्या नहुने स्थानीय कमल जिसीले बताउनुभयो । त्यसका लागि अझै केही समय प्रतीक्षा गर्नुपर्ने उहाँको भनाइ छ ।रासस


## स्थगित गरिएको सूचना

जनकपुरधाम उ.म.न.पा. वडा नं. ८ सिट नं. १२५५-१७ कि.नं. ५८ को क्षे.फ. ०-७-०-० गुठी तैनाथी जग्गा बहालमा बन्दोबस्त गर्ने सम्बन्धमा मिति २०८२/०६/१२ मा प्रकाशित सार्वजनिक सूचना स्थगित गरिएको व्यहोरा सम्पूर्णमा जानकारी गरिन्छ ।

गुठी संस्थान
शाखा कार्यालय जनकपुरधाम, धनुषा



## मालपोत कार्यालय, ढल्केवर, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

नन्दा पासमानको नाती/नातिनी/बुहारी रत्ना पासमानको छोरा/छोरी/श्रीमती धनुषा जिल्ला क्षिरेश्वरनाथ नगरपालिका वडा नं. ७ वस्ने वर्ष ४७ को उदय किशोर पासमानले तपसिलमा उल्लेखित जग्गा मेरो बुवा नाताको रतन पासमानको नाममा छुट जग्गा दर्ता/छुट जग्गा नामसारी दर्ता गरी पाउँ भनी द.नं. २०८ मिति २०८२/०४/१९ को निवेदनबाट मागदावी गरेकोले माग बमोजिम निवेदकका नाममा छुट जग्गा दर्ता/छुट जग्गा नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पतीको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित भएको यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहीत यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला अन्यथा कानून बमोजिम भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | हरिहरपुर | १ग | १० | ०-२-१०-० |



## घर टहरा सटर बहालमा वस्नेहरूलाई अग्रिम ३५ दिने सुचना

प्रथम पटक प्रकाशित मिति २०८२/०६/३१

कृषि बिकास बैंक लि. नेपाल सरकारको स्वामित्व भएको सरकारी वैक संस्था हो । कृषि विकास बैंक लि.शाखा कार्यालय मलंगवाको नाम दर्ता हक भोगको जिल्ला सर्लाही, बिष्णुपुर गा.वि.स. वडा नं.०८(क) (हाल मलंगवा न.पा. वडा नं. ०९) कि.नं.२३६ को क्षेत्रफल ०-३-१० जग्गा र त्यसमा भएको दशवटा सटर सहितको भुई तल्ले घर जग्गा सटर थान-१० मा तपाईहरु श्री जय मातादी किराना पसल (प्रो.विक्की यादव)-१ श्री शिवतयान मिकरानी-१ श्री नागेन्द्र साह-१ श्री संझना होटल (प्रो. गौत्तम साह कलवार)-१ श्री शत्रुधन ठाकुर-१ श्री कृष्णा टायर पसल (प्रो.उपेन्द्र राउत)-१, अजय शर्मा-१, श्री सजन माडवाडी-१ श्री रामनाथ चौधरी-१ श्री चौधरी कोल्ड स्टोर, (प्रो.रामेश्वर चौधरी)-१ समेतका व्यक्तिहरु २०७० साल वैशाख महिना देखि नै किराया बहालमा बसी व्यवसाय संचालन गरी आउनु भएको र अब सो जग्गामा बैंक कार्यालय घर निर्माण गर्न बैंकलाई आफै आवश्यक भएको हुँदा तपाईहरुले किराया बहालमा बसी आउनु भएको सटर घर कोठाको बैंकलाई बुझाउनु पर्ने किराया बहाल रकम बुझाई सो सटर घर कोठा जग्गा समेत खाली गरी दिनको लागी ३५ दिने अग्रीम सुचना दिएको हुँदा सो अवधि भित्र सो जग्गामा भएको सटर घर टहरा र जग्गा समेत खाली नगरी अटेर गरेमा कानुन बमोजिम कारवाही हुने व्यहोरा सुचित गरिन्छ।

कृषि बिकास वैंक लि.
शाखा कार्यालय मलंगवा, सर्लाहीको तर्फबाट
कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, बिरगंज, पर्सा

## राउतका कारण कार्यकर्तालाई भस्मासुरको भूमिका खेप्नु परेको छ : सिंह



**टुडे समाचारदाता**

जनकपुरधाम । जनस्वराज पार्टीका नेता तथा मधेश प्रदेशका निर्वतमान मुख्यमन्त्री सतीश कुमार सिंहले जनमतका अध्यक्ष सीके राउतलाई भगवान शिवको संज्ञा दिदै पार्टीका कार्यकर्ताहरुलाई भस्मासुरको जस्तो भूमिका खेप्नु परेको बताएका छन् ।

जनमत पार्टी परित्याग गरी जनस्वराज पार्टी रोजेपछि जनकपुरधाममा विहीबार पत्रकारसम्मेलन गर्दै सिंहले जनमतका अध्यक्ष डा. राउतले आफू बाहेक कसैको पनि कुरा नसुन्ने र आफूलाई जे चाहियो त्यो मात्र गर्ने गरेको प्रसंग उल्लेख गरे । उनले जनमतका अध्यक्ष राउतले जहिले पनि एकलौटी गर्न खोजेको आरोप लगाए । कुनै पनि पार्टीमा अध्यक्षले मात्र चलाउन नसक्ने बताउदै उनले पार्टीमा उपाध्यक्ष, कोषाध्यक्ष, सचिव, सदस्यलगायत सबैको योगदान रहने तर राउतले गठबन्धनमा रहेर गठबन्धनमै रहेका अन्य पार्टीहरुलाई गाली गर्ने गरेको सिंहले खुलासा गरेका थिए ।

उनले आफूले जनस्वराज पार्टी रोजेर सनाखत गर्न निर्वाचन कार्यालय पुग्दा जनमतका कार्यकर्ताले अलोकतान्त्रिक,अव्यवहारिक र निरंकुश चरित्र प्रदर्शन गरी जनमत पार्टीले लोकतन्त्र आवरणमा मात्र स्विकारेको धारणा राखे ।

उनले भने,‘जनमत पार्टीमा आन्तरिक लोकतन्त्र छैन,सिके राउतले पार्टीमा हैकमवादी लादेकाले धेरै नेता कार्यकर्ता असन्तुष्ट छन् ।’सिंहले सरकार सञ्चालनमा पनि राउतले पटक पटक अप्ठयारोमा पार्ने काम गरेको गुनासो गरेका थिए ।

उनले नवगठित जनस्वराज पार्टी हाललाई कुनै पनि राजनीतिक ध्रुवमा नजाने स्पष्ट समेत गरेका छन् ।

# योगेन्द्रको बहिष्कार पछि जसपा मधेशको अध्यक्षमा बालकिशोर निर्विरोध

निर्वाचन समितिका अनुसार निर्वाचनका लागि मनोनयन दर्ताको समय सीमा भित्र अध्यक्ष पदमा बालकिशोरको मात्रै उम्मेदवारी परेपछि उनी निर्विरोध निर्वाचित भएका हुन् ।

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपाल मधेश प्रदेश समितिको अधिवेशनको निर्वाचन प्रक्रियालाई एक पक्षले बहिष्कार गरेपछि निर्वाचन समितिले अध्यक्ष पदमा बालकिशोर यादवलाई निर्विरोध निर्वाचित गरेका छन् ।



अध्यक्ष पदका उम्मेदवार योगेन्द्र राय यादवले अधिवेशन कर्मकाण्डी हिसावले चलिरहेको र अर्का उम्मेदवार बालकिशोर यादवले विधान विपरीत आफूखुशी हुलका हुल प्रतिनिधि छनोट गरेकाले आफूहरु अधिवेशनमा सहभागी हुने वातावरण नरहेको र आफूहरुलाई बन्दसत्रमा समेत महत्व नदिइएकोको कारण निर्वाचन प्रक्रिया बहिष्कार गरेको पत्रकार सम्मेलन मार्फत जानकारी दिएपछि निर्वाचन समितिले अर्का अध्यक्ष पदका उम्मेदवर वालकिशोर यादवलाई अध्यक्ष पदमा निर्विरोध निर्वाचित गरेको छ ।




निर्वाचन समितिका अनुसार निर्वाचनका लागि मनोनयन दर्ताको समय सीमा भित्र अध्यक्ष पदमा बालकिशोरको मात्रै उम्मेदवारी परेपछि उनी निर्विरोध निर्वाचित भएका हुन् । उनका साथै मुख्यसचिवमा ज्ञानेन्द्र कुमार यादव र कोषाध्यक्षमा विष्णु प्रसाद साहको एकल उम्मेदवारी परेपछि अध्यक्ष यादव संगै मुख्यसचिव र कोषाध्यक्ष समेत निर्विरोध निर्वाचित भएका छन् ।

नवनिर्वाचित अध्यक्ष यादवले निर्वाचन बहिष्कार गर्ने साथीहरुलाई निर्वाचन प्रकृया बहिष्कार नगरी त्यसमा सामिल हुनुपर्नेमा उनीहरुले निर्वाचन परिणाम आफ्नो पक्षमा नजाने देखेर बहिष्कार गरेको आरोप समेत लगाए ।

बाँकी ३ जना उपाध्यक्षमा सात जना, ३ जना सचिवमा ४ जना र ४२ जना सदस्यका लागि ७२ जना उम्मेदवारी दिएपनि बन्द सत्रमा उपस्थित प्रतिनिधिहरुले कार्यसमितिलाई पूर्णता दिने अधिकार अध्यक्ष मण्डललाई दिएपछि अधिवेशन अन्त्यको घोषणा गरिएको छ ।

योगेन्द्र राय यादवसँगै उनको प्यानलबाट उम्मेदवार रहेकाहरुले समेत निर्वाचन प्रक्रिया बहिष्कार गरेका थिए । यसका साथै मधेसका पूर्वमुख्यमन्त्री सरोजकुमार यादव, प्रदेशसभा सदस्य अनिरुद्ध प्रसाद सिंह, पूर्वप्रदेश अध्यक्ष रामबाबु यादव लगायतका नेताहरुको समेत उनलाई समर्थन प्राप्त छ ।

# पूर्व राज्यमन्त्री सिंहसहित १६ जनाविरुद्ध आरोपपत्र दायर

**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेशका पूर्व आन्तिरक मामिला राज्यमन्त्री सरोजकुमार सिंहसहित १६ जनाविरुद्ध भ्रष्टाचारसम्बन्धी कसुरमा आरोपपत्र दायर गरेको छ ।

सिंहले विभिन्न उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिको खातामा जम्मा/दाखिला भएको रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिम कसूरजन्य कार्य गरेको भन्दै आयोगले निजविरुद्ध विहीबार विशेष अदालतमा आरोपपत्र दायर गरेको छ ।

आयोगले महोत्तरी महोत्तरी क्षेत्र नं ४ ‘ख’बाट निर्वाचित मधेश प्रदेशसभा सदस्य समेत रहेका सिंह विरुद्ध ३८ लाख ५० हजार ३१९ रुपैया, धर्मशाला निर्माण उपभोक्ता समितिका अध्यक्ष यमुनाप्रसाद महतो र कोषाध्यक्ष कौशिल्या देवीविरुद्ध रु एक लाख ८५ हजार २६०, धर्मशाला एवं रामनारायणको घरदेखि रामवृक्षको गाछीसम्म निर्माण उपभोक्ता समितिको अध्यक्ष योगिन्दर महतो र कोषाध्यक्ष सुनयना कुमारी विरुद्ध रु छ लाख ५७ हजार ७०० बिगोसहित कसुर तथा सजायको मागदाबी गरेको छ ।



त्यसैगरी अधुरो कमलामाई मन्दिर र मालतमाईस्थानको कम्पाउण्ड वाल निर्माण उपभोक्ता समितिका अध्यक्ष रामनाथ सहनी र कोषाध्यक्ष स्वीकृती देवी भन्ने स्वीकृति देवीविरुद्ध रु दुई लाख १४ हजार ३५०, माइस्थान मन्दिरको सौन्दर्यकरण उपभोक्ता समितिका अध्यक्ष रामशरण खत्वे र कोषाध्यक्ष बिभादेवी खत्वेविरुद्ध रु एक लाख ५० हजार, कञ्चनियामाई मन्दिर सौन्दर्यकरण निर्माण उपभोक्ता समितिका अध्यक्ष रमेश मडर र कोषाध्यक्ष अमलेश कुमारीविरुद्ध पनि रु एक लाख ५१ हजार ४०० बिगोसहित कसुर तथा सजायको मागदाबी अख्तियारको छ ।

देवी महारानी सौन्दर्यकरण निर्माण उपभोक्ता समितिका अध्यक्ष दिपाराज देवी राजपुत र कोषाध्यक्ष भिखारी राउत कुर्मीविरुद्ध रु दुई लाख ९७ हजार ७९४, रधवा पिपलदेखि सहसौला अनेरभाटदेखि जनता प्रावि हुँदै लक्ष्मीनीयासम्म माटो ग्राभेल निर्माण उपभोक्ता समितिका अध्यक्ष भुपेन्द्रकुमार झाविरुद्ध रु १८ लाख ९१ हजार ९०० बिगोसहितको कारबाही मागदाबी गरिएको छ ।


मधेश कृषि विश्वविद्यालय
राजविराज, सप्तरी



कृषि स्नातक (B.Sc. Ag. Hons) तहमा विद्यार्थी भर्ना म्याद थप सम्बन्धी सूचना

शैक्षिक सत्र २०८२/०८३ का लागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (B.Sc. Ag. Hons) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट Online आवेदन फाराम भर्न मिति २०८२/०६/३० गतेसम्म रहेकोमा मिति २०८२/०७/२१ गतेसम्म http://entrance.mau.edu.np मा गई आवेदन फारम भर्न म्याद थपको सूचना प्रकाशन गरिएको छ ।





जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८